म.जि.प्र.का.द.नं. : १०६/०६८, वर्ष १५ अंक १४४ शुक्रबार, २५ पुस २०८२ ने. सं. ११४६ पोहेलाथ्व 9 January 2026 www.sajhakuranews.com पृष्ठ संख्या ४ मूल्यः रु. ३/-

मकवानपुरबाट प्रकाशित लोकप्रिय 'क' वर्गको पत्रिका

साझाकुरा

# साझाकुरा राष्ट्रिय दैनिक

www.sajhakuranews.com

## प्रतिनिधिसभा निर्वाचनमा विन्दबासिनी कंसाकारद्वारा उम्मेदवारी घोषणा

हेटौंडा, २४ पुस/राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा) की नेतृ विन्दबासिनी कंसाकारले आगामी फागुन २१ मा हुने प्रतिनिधिसभा सदस्य निर्वाचनका लागि उम्मेदवारी घोषणा गरेकी छिन् । उनले मकवानपुर प्रतिनिधिसभा क्षेत्र नं १ बाट आगामी निर्वाचनमा उम्मेदवारी दिने घोषणा गरेकी हुन् । सामाजिक सञ्जाल फेसबुकमा लेख्दै उनले उम्मेदवार बन्ने बताइन् । उनले ऐतिहासिक यात्रामा सहयोगका लागि आग्रहसमेत गरिन् । उनी यसअघि विघटित प्रतिनिधिसभामा समानुपातिकतर्फबाट प्रतिनिधिसभा सदस्य बनेकी थिइन् । सामाजिक सञ्जाल फेसबुकमा उनले लेखिन् 'आदरणीय मकवानपुर जिल्लावासी सम्पूर्ण जनसमुदायमा नमस्कार । म बिन्दबासिनी कंसाकार, मकवानपुर क्षेत्र नं १ बाट राष्ट्रिय स्वतन्त्र पार्टीको तर्फबाट आगामी फागुन २१ गते हुनगइरहेको प्रतिनिधिसभा निर्वाचनमा उम्मेदवारीको घोषणा गरेको छु । यस ऐतिहासिक यात्रामा तपाईं सम्पूर्णको साथ, समर्थन र अमूल्य मतको अपेक्षा गर्दछु ।'

### न्यायसम्पादनमा ढिलासुस्ती हुँदा कार्यसम्पादनमा असर पर्छः मुख्यमन्त्री बानियाँ

# 'न्याय ढिलो गर्दा पनि अन्याय हुन्छ'

साझाकुरा संवाददाता

हेटौंडा, २४ पुस/ बागमती प्रदेशका मुख्यमन्त्री इन्द्रबहादुर बानियाँले न्यायसम्पादनमा ढिलासुस्ती गर्न नहुने बताएका छन् ।

प्रदेशका मन्त्रालयहरु र मातहातका कार्यालयले गर्ने कामका विरुद्ध पर्ने मुद्दा छिटो नटुंगिदा सरकारको कार्य सम्पादनमा प्रत्यक्ष असर पर्ने उनले बताए । बागमती प्रदेशको मुख्य न्यायाधीवक्ता कार्यालयको आयोजनामा बिहिबार हेटौंडामा भएको रिट निवेदन तथा लिखित जवाफसम्बन्धी एक दिवशीय गोष्ठीको शुभारम्भ गर्दै मुख्यमन्त्री बानियाँले न्याय ढिलो गर्दा पनि अन्याय हुने जिकिर गरे । प्रदेशअर्न्तगतको मुद्दामामिला सर्वोच्च, उच्चअदालतमा परेको खण्डमा सम्बिन्धत मन्त्रालय र कार्यालयमा रहेका कानुनका शाखाले मुख्य न्यायाधीवक्ता कार्यालयसँग राय सल्लाह लिएर छिनोफानो गर्नुपर्नेमा उनले जोड दिए ।



मुख्यमन्त्री बानियाँले प्रदेश सरकारसँग जोडिएका मुद्दाहरुमा न्यायलयले ढिलासुस्ती गर्दा बजेट खर्चमा समेत समस्या हुने बताएका छन् । मुख्यमन्त्री बानियाँले पारदर्शी र जवाफदेही भएर प्रदेश सरकार अघि बढ्ने बताए । भ्रष्टचारमुक्त र सुशासनयुक्त सरकार बनाउने आफूहरुको संकल्प नै रहेको उनले बताए । मुख्यमन्त्री बानियाँले गरिबलाई आय र न्यायसँग जोडेर गरिखाने बनाउने लक्ष्यतर्फ सरकार अग्रसर रहेको उल्लेख गरे । कार्यसम्पादनको शिलसिलामा प्रदेश सरकारले कहींकतैं कानुन मिच्ने काम नगर्ने समेत उनले बताए । मुख्यमन्त्री बानियाँले कार्यपालिका, न्यायपालिका र व्यवस्थापिकाले एकअर्काको प्रतिस्पर्धी नभई सहयोगीको रुपमा काम गर्नुपर्ने उल्लेख गरे ।

मुख्यमन्त्री बानियाँले संविधानले दिएको अधिकारअनुसार तीनवटै तहको सरकारले काम गर्नुपर्ने बताए । संविधानले व्यवस्था गरेको सहअस्तित्व, समन्वय र सहकार्यको नीतिलाई आत्मसात् गर्दै संघीय, प्रदेश र स्थानीय सरकार अघि बढ्नुपर्ने उनको भनाई छ । मुख्यमन्त्री बानियाँले प्रदेशको अधिकार संघीय सरकारले प्रयोग गर्दा न्यायाधीवक्ताको कार्यालयमार्फत संघ सरकारविरुद्ध नै मुद्दा हाल्नुपर्ने अवस्था आउने जिकिर गरे । स्थानीय तहको अधिकार पनि प्रदेश सरकारबाट दुरुपयोग नहोस् भन्नेतर्फ पनि सचेत रहनुपर्ने उनले बताए ।

मुख्यमन्त्री बानियाँले संघीय लोकतान्त्रिक गणतन्त्रमा शक्तिको आडमा कसैले पनि कानुन मिच्न नसक्ने बताए । न्यायको आँखाले सबैलाई बराबरी ढंगले हेर्नु नै लोकतन्त्रको सुन्दरपक्ष भएको उनको धारणा छ । गरिबलाई 'ऐन' र धनीलाई 'चैन' भन्ने भाष्यलाई बदल्नुपर्ने उनले बताए । मुख्यमन्त्री बानियाँले सबै नागरिकले आफ्नो अधिकारलाई कानुन र नियमसंगत ढंगले प्रयोग गर्न पाउनु नै लोकतन्त्रको धर्म भएको उल्लेख गरे । कार्यक्रममा आन्तरिक मामिला तथा कानुन मन्त्री शिवराज अधिकारीले लोकतन्त्रमा जनताले अन्याय नपाउने बताएका छन् । विगतको व्यवस्थामा जनताले न्याय पाउन नसकेको उनले बताए । मन्त्री अधिकारीले जनतालाई सरकार छ भन्ने प्रत्याभूति दिलाउन पनि न्यायसम्पादन छिटो छरितो हुनुपर्ने धारणा राखेका छन् ।

कार्यक्रममा मुख्य न्यायाधीवक्ता अप्सरा बस्नेतले प्रदेश सरकारले गरेका काम, बनेका कानुन र संघीय सरकारसंग बाझिएका कानुनको विषयमा प्रदेश सरकार विरुद्ध परेको रिटमा पेश गर्नुपर्ने लिखित जवाफ कसरी तयार गर्न सकिन्छ भन्ने विषयमा जानकारी गराउन गोष्ठीको आयोजना गरिएको बताइन् । गोष्ठीमा महान्यायाधीवक्ता कार्यालयका नायव महान्यायाधीवक्ता लोकराज पराजुलीले रिट निवेदन तथा कानुनी रायसम्बन्धी र मुख्यन्यायाधीश यमुना भट्टराईले लिखित जवाफ र अदालतको अपेक्षा विषयमा कार्यपत्र प्रस्तुत गरेका थिए ।

कार्यक्रममा उच्चसरकारी वकिल कार्यालय हेटौंडाका सहन्यायाधीवक्ता अशोकराज रेग्मी, जिल्ला अदालत मकवानपुरका न्यायाधीश गीता श्रेष्ठ, वरिष्ठअधिवक्ता केशव काफ्ले, उच्चअदालत बार एशोसिएसन हेटौंडाका अध्यक्ष मनप्रसाद भट्टराई, जिल्ला अदालत बार एशोसिएसनका अध्यक्ष कुमार बस्नेत, पत्रकार महासंघ मकवानपुरका अध्यक्ष बालकृष्ण अधिकारीलगायत अधिवक्ताको उपस्थिति रहेको थियो । मुख्यन्यायाधीवक्ता कार्यालयले आर्थिक वर्ष २०८१/८२ मा ९८ थान मुद्दा फछ्र्यौट गरेको छ ।

कार्यालयको वार्षिक प्रतिवेदन अनुसार आर्थिक वर्ष २०८०/८१ बाट लगत सरेर आएका १ सय ४८ र नयाँ दर्ता भएका १ सय १७ मुद्दामा ९८ थान मुद्दा फछ्र्यौट भएको छ । संघीयता कार्यान्वयनपछि स्थापना भएको कार्यालयले स्थापनाको पहिलो वर्ष २०७४/७५ मा दर्ता भएका ४ वटा मुद्दामध्ये एउटा मात्र मुद्दा फछ्र्यौट गरेको थियो । आर्थिक वर्ष २०७५/७६ मा ३, २०७६/७७ र २०७७/७८ मा समान १३-१३, २०७८/७९ मा ४४, २०७९/८० मा ५५, २०८०/८१ म ७५ थान मुद्दा कार्यालयले फछ्र्यौट गरेको छ । नेपालको संविधानको धारा १६० (१) मा महान्यायाधीवक्ता मातहतमा रहने गरी प्रत्येक प्रदेशमा एक मुख्य न्यायाधीवक्ता रहने छ भनी परिकल्पना गरिएको छ ।

संविधानले मुख्य न्यायाधीवक्तालाई प्रदेश सरकारको मुख्य कानुनी सल्लाहकारकारुपमा स्वीकार गरेको छ । संवैधानिक एवं कानुनी विषयमा प्रदेश सरकार र प्रदेश सरकारले तोकिदिएको अन्य अधिकारीलाई रायसल्लाह दिनु पनि मुख्य न्यायाधीवक्ताको संवैधानिक दायित्व रहेको छ । मुख्य न्यायाधीवक्ताको नियुक्ति सम्बन्धित मुख्यमन्त्रीको सिफारिसमा प्रदेश प्रमुखबाट हुने संवैधानिक व्यवस्था छ । मुख्य न्यायाधीवक्ता कार्यालयको भूमिका संघीयतालाई सशक्त बनाई प्रदेशको कार्यगत स्वतन्त्रता तथा संविधानले निर्दिष्ट गरेबमोजिम प्रादेशिक आन्तरिक आत्मनिर्णयको अधिकारलाई अदालतमा प्रतिरक्षा गर्ने रहेको छ ।

# आगामी प्रतिनिधिसभा निर्वाचनमा ८० हजार सेना परिचालन हुने




साझाकुरा संवाददाता

हेटौंडा, २४ पुस/नेपाली सेनाले आगामी फागुन २१ गते हुने प्रतिनिधिसभा सदस्य निर्वाचनका लागि ८० हजार जनशक्ति परिचालन गर्ने तयारी गरेको छ ।

नेपाली सेनाका सहायकरथी एवम् प्रवक्ता राजाराम बस्नेतले निर्वाचनका सन्दर्भमा एकीकृत सुरक्षा योजना २०८२ अनुमोदन भई राष्ट्रपतिबाट स्वीकृत भइसकेकाले सोहीअनुसार फौज परिचालन हुने जानकारी दिएका छन् । 'निर्वाचनका लागि एकीकृत सुरक्षा योजनाले मार्गनिर्देशन गरेअनुरुप निर्वाचनको एक महिनाअघिबाट फिल्डमा सेना परिचालन हुनेछ' उनले भने । एकीकृत सुरक्षा योजना सरकारबाट अनुमोदन र सेनाको परिचालनका सम्बन्धमा राष्ट्रिय सुरक्षा परिषद्बाट पनि स्वीकृत भइसकेको छ ।

निर्वाचनका सिलसिलामा सेनाले तीनचरणमा काम गर्नेछ । निर्वाचनपूर्वको मुख्य जिम्मेवारी मतपत्र छपाइ सुरक्षादेखि महत्वपूर्ण संरचनाको सुरक्षाको जिम्मेवारी सेनाले बहन गर्नेछ । नेपाल प्रहरी, सशस्त्र प्रहरी बल नेपालसँगको समन्वय र सहकार्यमा विमानस्थल, कारागारलगायत महत्वपूर्ण संरचनाको सुरक्षा जिम्मेवारी नेपाली सेनाले गर्नेछ । निर्वाचनका सिलसिलामा सेनाले चारवटै सुरक्षा निकाय र जिल्ला प्रशासनसँगको समन्वय, सहयोग र सहकार्यमा तल्लो तहसम्म निर्वाचनसँग सम्बन्धित एकीकृत तालिम र अभ्यास सञ्चालन गर्नेछ ।

निर्वाचनलाई स्वच्छ, स्वतन्त्र, निष्पक्ष र भयरहित वातावरणमा सम्पन्न गर्ने कार्यमा सहज होस् भन्ने हेतुले तालिम र अभ्यास गरिने छ । मतदानका समयमा निर्वाचनस्थल र केन्द्रमा खटिने क्रममा नेपाली सेना तेस्रो घेरामा रही राजनीतिक दल, उम्मेदवार, मतदाता र निर्वाचनमा खटिएका कर्मचारीलाई सुरक्षाको पूर्ण प्रत्याभूति दिलाउने छ । विगतमा जस्तै आगामी निर्वाचनलाई लक्षित गरी सेनाले देशका विभिन्नस्थलमा सुरक्षा बेश स्थापना गर्ने तयारी गरेको छ ।

फागुन २१ गते मतदान सम्पन्न भएसँगै मत पेटिकाको ढुवानीदेखि मतगणनास्थलको सुरक्षा लगायतका जिम्मेवारी सेनाले गर्नेछ । तोकिएको मितिमा निर्वाचन भयमुक्त वातावरणमा सम्पन्न गर्ने सिलसिलामा अहिले प्रदेशस्तर मासमेत सुरक्षा गोष्ठी सञ्चालन भइरहेका छन् । गोष्ठीमा प्राप्त सुझावका आधारमा परिस्थितिको मूल्यांकन र विश्लेषण गरी सरकारले थप सुरक्षा प्रबन्ध मिलाउनेछ । सबै सुरक्षा फौज, स्थानीय प्रशासन र जनप्रतिनिधि सुरक्षाबीचका समन्वय र सहकार्यमा राज्यको प्राथमिक कार्यभारकारुपमा रहेको निर्वाचन सुरक्षा प्रदान गर्न आफूहरु तयार रहेको सेनाको भनाइ छ ।

# भीमफेदी कारागारमा ३९ प्रतिशत लागूऔषध मुद्दाका कैदीबन्दी



साझाकुरा संवाददाता

हेटौंडा, २४ पुस/ क्षेत्रीय कारागार भीमफेदीमा लागूऔषध मुद्दाका कैदीबन्दी धेरै रहेका छन् । कारागारमा रहेकामध्ये ३९ प्रतिशतभन्दा बढी कैदीबन्दी लागूऔषध मुद्दाका रहेको कारागार प्रमुखले जानकारी दिएका छन् ।

मकवानपुरको पूर्वसदर मुकाम भीमफेदीस्थित कारागारमा २२ पुस बिहानसम्म ९ सय ७७ कैदीबन्दी रहेका छन् । तीमध्ये लागूऔषध मुद्दाका ३ सय ८९ जना छन् । कारागारमा रहेका लागूऔषधका कैदीबन्दीमध्ये सबैभन्दा धेरै मकवानपुरका रहेको भीमफेदी कारागारका प्रमुख सुवास पौडेलले बताए । लागूऔषध मुद्दाका १५ जना भारतीय नागरिक पनि भीमफेदी कारागारमा रहेका छन् । मकवानपुरको बिकट क्षेत्रमा गरिएको गाँजाखेतीका कारण राक्सिराङ, कैलाश र मनहरी गाउँपालिकाभित्रका युवा बढी कारागार पुगेका छन् ।

कारागार पुगेका अधिकांश युवा भरियाका रुपमा लागूऔषध गाँजा ओसारपसारको अभियोग लागेका छन् । कारागारमा लागूऔषध मुद्दापछि जबरजस्तीकरणी मुद्दाका कैदीबन्दी रहेका छन् । कारागार प्रशासनका अनुसार २ सय ६९ जना कैदीबन्दी जबरजस्ती करणीका छन् भने कर्तव्य ज्यान मुद्दाका १ सय ४५ जना रहेका छन् ।

भीमफेदी कारागारमा पुरुष कैन्दीबन्दी राख्ने २ वटा ब्लक छन् भने महिलालाई पुरानो जेलमा राखिएको छ । उनीहरुको साथ एक बालक पनि आश्रित छन् । भीमफेदी कारागारमा ३४ जना महिला कैदीबन्दी छन् ।

त्यसमध्ये १२ जना बन्दी र २२ जना कैदी रहेका छन् । यो कारागारमा ४४ जना विदेशी नागरिक छन् । तीमध्ये २२ जना कैदी र २२ बन्दी रहेका छन् । जेलमा रहेका ९ सय ७७ जना कैदीबन्दीमध्ये ६ सय ९४ जना कैदी रहेका छन् भने बाँकी थुनुवा रहेको कारागार प्रशासनले जनाएको छ ।

# हेटौंडा-१४ मा पहिलोपटक सोनाम ल्होछार आयोजना हुने

साझाकुरा संवाददाता

हेटौंडा, २४ पुस/तामाङ समुदायको बाहुल्यता रहेको हेटौंडा उपमहानगरपालिका-१४ मा माघ २४ गतेदेखि पहिलोपटक सोनाम ल्होछार तथा सांस्कृतिक प्रवर्द्धन मेला आयोजना हुने भएको छ ।

वडा कार्यालयमा आयोजित पत्रकार सम्मेलनमा वडाअध्यक्ष दीपक खड्काले मेला आयोजना गर्न लागिएको जानकारी दिएका हुन् । वडाअध्यक्ष खड्काका अनुसार माघ २४ गतेदेखि सुरुहुने मेला करिब एक हप्तासम्म सञ्चालन हुनेछ । मेलाको व्यवस्थापन तथा तयारीका लागि आयोजक समिति गठन भइसकेको र आवश्यक तयारी तीव्ररुपमा अघि बढाइएको उनले जानकारी दिए ।




तामाङ समुदायको भाषा, संस्कृति, भेषभूषा तथा परम्पराको जगेर्ना गर्नुका साथै स्थानीय उत्पादनको प्रवर्द्धन गर्ने उद्देश्यले मेला आयोजना गरिएको जनाइएको छ । मेलाको सञ्चालनका लागि वडा कार्यालयले १० लाख रुपैयाँ बजेट विनियोजन गरेको छ । सहरी क्षेत्रभन्दा बाहिर पनि सांस्कृतिक मेला आयोजना गर्न सकिने वातावरण सिर्जना गर्ने उद्देश्यले वडा नम्बर १४ लाई मेलास्थलका रुपमा छनोट गरिएको वडाअध्यक्ष खड्काले स्पष्ट पारे ।

मेलामा स्थानीय तथा राष्ट्रिय कलाकारको प्रस्तुति रहनेछ भने तामाङ समुदायको मौलिक संस्कृति झल्कने नृत्य, गीत तथा भेषभूषासहित तामाङ कलाकारले विशेष कार्यक्रम प्रस्तुत गर्ने आयोजकले जनाएको छ । आयोजक समितिका अध्यक्ष राजकुमार मोक्तानले संस्कृति संरक्षण र पुस्तान्तरणका दृष्टिले यो मेला कोसेढुंगा सावित हुने विश्वास लिइएको बताए ।

# सुखसमृद्धि बचतमा पुनः रेणु ज्ञवाली

साझाकुरा संवाददाता

हेटौंडा, २४ पुस/ हेटौंडा-१० स्थित सुखसमृद्धि बचत तथा ऋण सहकारी संस्था लि.को अध्यक्षमा पुनः रेणु ज्ञवाली चयन भएकी छिन् ।

संस्थाको १५ औं वार्षिक साधारणसभा एवम् चौथौ अधिवेशनबाट ज्ञवालीका अध्यक्षमा ७ सदस्यीय कार्यसमिति सर्वसम्मत चयन भएको हो । समितिको उपाध्यक्षमा आशिका श्रेष्ठ, सचिवमा निर्मला शर्मा, कोषाध्यक्षमा पुरुषोत्तम मैनाली, सदस्यमा कल्पनादेवी दाहाल, मल्लिका श्रेष्ठ र मनु लामा चयन भएका छन् । नयाँ समितिको कार्यकाल ४ वर्षको हुनेछ । राष्ट्रिय सहकारी नियमन प्राधिकरणले गत भदौ १७ गते बचत तथा ऋण सहकारीको साधारणसभालाई मितव्ययी र सदस्य केन्द्रित गर्न जारी गरेको ८ बुँदे निर्देशन बमोजिम सहकारीले साधारणसभा सम्पन्न गरेको हो ।



८ सय ३२ शेयर सदस्य रहेको सहकारीको शेयरपुँजी ७५ लाख ६८ हजार रुपैयाँ रहेको छ । साधारणसभाको अवसरमा सहकारीले उत्कृष्ट ऋणी, उत्कृष्ट बचतकर्ता, ज्येष्ठ शेयर सदस्यलाई सम्मान गरेको थियो ।



साझाकुरा

## हाम्रो कुरा

# कहाँ पुग्यो ? पोडवे सम्भाव्यता अध्ययन

काठमाडौंदेखि हेटौंडासम्म पोडवे यातायात सञ्चालनका निम्ति लगानी बोर्डले सम्भाव्यता अध्ययन गर्न अनुमति दिने निर्णय गरेको छ । पोडवे तारमा आधारित उन्नत यातायात प्रविधि हो । यो केबलकारको विकसित स्वरुप हो । यसलाई रेलको पछिल्लो र अत्याधुनिक संरचनाका रुपमा लिइन्छ । सार्वजनिक यातायातका क्षेत्रमा विकास गरिएको नयाँ प्रविधिका रुपमा यसलाई लिइएको छ । हाल यूएई र बेलारुसले पोडवे सञ्चालन गरिरहेका छन् । भारतमा पनि सञ्चालनका क्रममा छ । विद्युतको प्रयोग गरी यो सञ्चालन गर्न सकिने भएकाले पेट्रोलियमपदार्थको आयातमा वार्षिकरुपमा खर्च हुने ठूलो विदेशी मुद्रा जोगिनेछ । मेट्रोरेलको जस्तै सुविधा दिने पोडवेको गति प्रतिघण्टा १५० किलोमिटरबराबर हुने जनाइएको छ । भारतमा सञ्चालित रेलको गति १०० किलोमिटर प्रतिघण्टा छ । पोडवे सञ्चालनका निम्ति छुट्टै ट्र्याक आवश्यक पर्छ । स्वचालित प्रविधिमा आधारित भएकाले पनि यसका निम्ति छुट्टै मार्ग निर्माण गर्नुपर्ने हुन्छ । यात्रु चढाउन र ओराल्न आकाशे पुलजस्तै संरचना तयार गर्नुपर्छ । केबलकारमा जस्तै पोडवे स्टेसनमा रोक्ने तथा झर्ने समयमा स्वचालित सुविधा हुन्छ । एउटा पोडमा ४२ यात्रुले यात्रा गर्न सक्छन् ।

एक घण्टाको समयमा ५० हजार जनाले आवतजावत गर्न सक्ने यसको क्षमता हुने अनुमान गरिएको छ । यसबाट समयको बचत हुने र बिजुलीबाट चल्ने भएकाले वातावरण संरक्षणमा योगदान पुग्ने छ । सरकारले ०८० मंसिर ७ गते नेपाल राजपत्रमा सूचना प्रकाशन गरी पोडवे, स्काई रेल, स्काई ट्रलिबस, जलमार्गलगायत वैकल्पिक यातायातसम्बन्धी नीति, कानुन, मापदण्ड कार्यान्वयन गर्ने उल्लेख गरेको छ । लुम्बिनी विकास कोषले २०८० मंसिर २५ गते काठमाडौं पोडवेसँग विस्तृत परियोजना प्रतिवेदन (डीपीआर) यथाशीघ्र पेस गर्न आग्रह गरेको थियो । लामो अध्ययनपछि विश्वमा सन् २०२० मा मात्र यो प्रविधिले मान्यता पाएको हो । यसबाट एकपटकमा ४८ टनसम्म सामान ढुवानी गर्न सकिन्छ । तत्कालीन प्रधानमन्त्री केपी शर्माओलीको अध्यक्षतामा बसेको लगानी बोर्ड बैठकले पहिलोचरणमा काठमाडौंदेखि हेटौंडासम्म मात्र पोडवेको सम्भाव्यता अध्ययन गर्न दिने निर्णय गरेको थियो । बैठकमा काठमाडौंदेखि हेटौंडा हुँदै वीरगञ्जसम्म ९७ किलोमिटर लामो पोडवे यातायात सञ्चालन गर्न लगानी बोर्डमा प्रस्ताव गरिएको थियो । यसको लागि ७१ अर्ब रुपैयाँ लाग्ने अनुमान गरिएको छ । लगानी बोर्डका अनुसार काठमाडौं पोडवे कम्पनी प्रालिले गत हप्ता प्रारम्भिक प्रस्ताव पेस गरेको हो । कम्पनीका सञ्चालकले पोडवेको सम्भावना र लगानीबारे बोर्डमा विस्तृत प्रस्तुति दिएका छन् । कम्पनीले हेटौंडादेखि काठमाडौंसम्म पुरानो रोपवेको लाइन प्रयोग गर्ने र हेटौंडा-वीरगन्ज खण्डमा नयाँमार्ग निर्माण गर्ने योजना प्रस्तुत गरेको छ । प्रारम्भिक अध्ययन अनुसार पोडवेको सम्भाव्यता मूल्यांकन गर्न करिब दुईवर्ष लाग्ने बताइएको छ । सरकारले पनि चालु आर्थिक वर्षको बजेटमार्फत पोडवे जस्ता वैकल्पिक यातायात प्रविधि विकास गर्ने नीति अघि सारेको छ । निजी क्षेत्रले निर्माण गर्न लागेको महत्वाकांक्षी परियोजनालाई सरकारी संयन्त्रले अड्को थाप्ने र बहानाबाजी गर्ने पुरानै परम्परा कायमै रहेकोले पनि निर्धारित समयमा काम हुनेवाला छैन ।

केबलकार निर्माण लागतको ५० प्रतिशत, मेट्रोरेलको चार र मोनोरेलको २० प्रतिशतमा पोडवे बनाउन सकिन्छ । १०० किलोमिटर पोडवे निर्माणमा करिब ४० अर्ब रुपैयाँबराबर खर्च हुने अनुमान गरिएको छ । अर्थमन्त्री बिष्णु पौडेलले चालु आवको बजेटमार्फत् यस्तो घोषणा गरेका हुन् । राणा प्रधानमन्त्री चन्द्रशमशेरले वि.सं १९८२ मा मकवानपुरको भीमफेदी नजिकको धोर्सिङबाट मातातीर्थसम्मको २२ किलोमिटरमा रोप-वे लाइन निर्माण गराएका थिए । सोही रोप-वेले धोर्सिङबाट काठमाडौंसम्म सामान ढुवानी गरेको थियो । यो रोप-वेलाई जुद्धशम्शेरले हेटौंडादेखि धोर्सिङसम्म र टेकुस्थित भन्सारसम्म विस्तार गरेका थिए र त्यसपछि यसको लम्बाई ४२ किलोमिटर हुन पुग्यो । वि.सं २०११ को बाढीले धोर्सिङको पावरहाउसमा क्षती पुगेसँगै यो बन्द हुन पुगेको थियो । त्यसपछि सरकारले पहिलो पञ्चवर्षीय योजना (२०१३-२०१८) मा यो रोप-वे विस्तारको योजना बनाएको थियो । अमेरिकाको रिब्लेट ट्रामवे कम्पनीको सहयोगमा वि.सं २०१६ सालबाट ६४ लाख अमेरिकी डलरमा यसको विस्तारकार्य थालिएको थियो । वि.सं २०५४ सालमा रोपवे पूर्णरुपमा बन्द भयो । वि.सं २०५९ मा शेरबहादुर देउवा प्रधानमन्त्री भएको समयमा मन्त्रिपरिषद्बाट रोप-वेको खारेजीको निर्णय भएको थियो ।

## महत्वपूर्ण टेलिफोन नम्बरहरू

साझाकुरा

| मकवानपुर प्रहरी | |
|---|---|
| प्रहरी कन्ट्रोल: | १०० |
| जिल्ला ट्राफिक: | ५२०५९९ |
| वडा प्रहरी: | ५२०२९९ |
| पशुपतिनगर इलाका: | ५२०५९८ |
| पालुङ इलाका: | ६२०४६७ |
| मनहरी इलाका: | ९८५५०९०१६१ |
| इलाका फापरबारी: | ६२१९८० |
| इलाका भीमफेदी: | ६९१४६२ |
| इलाका ठिंगन: | ९८४५२९९३८१ |
| चौकीटोल चौकी | ९७४२५५९५०१ |
| चित्लाङ चौकी: | ६९२००० |
| चौघडा चौकी | ९८४४०५४६०४ |
| नेवारपानी चौकी: | ९७५५०००२९९ |
| फाखेल चौकी: | ९८४५०३१३९८ |
| पदमपोखरी चौकी: | ९८४५०९९७८९ |

| एम्बुलेन्स सेवा | |
|---|---|
| नेपाल रेडक्रस: | ५२०७११, ९८५५०२८९५२ |
| हेटौंडा अस्पताल: | ५२०३०५ |
| परिवार नियोजन संघ: | ५२०७४५,९८४५१०४५०० |
| मनहरी रेडक्रस: | ९८४५१०५८२१ |
| छतिवन रेडक्रस: | ९८६१६२२३११ |
| भीमफेदी रेडक्रस: | ६२०६९९ |
| पालुङ रेडक्रस: | ९८१४२०७४०१ |
| बज्रबाराही रेडक्रस: | ९८४५३०२९८४ |
| सहकारी अस्पताल: | ०५७-५२६५८७, ९८४५६१९११४ |
| बसामाडी एम्बुलेन्स: | ९८४५२९७५७९ |
| बारुण यन्त्र: | १०१ |
| बाल हेल्पलाइन नेपाल: | १०९८ |
| माइती नेपाल: | ५२१०५० |
| अपाङ्ग बाल अस्पताल | ९८४५२९६४४५ |

सार्वजनिक हितको लागि
साझाकुरा राष्ट्रिय दैनिक

## भोलिको पात्रो

भोलि वि.सं. २०८२ पुस २७ गते शनिबार १० जनवरी २०२६ । अष्टमी, पौष शुक्लपक्ष । पोहेलाथ्व ११४६ ने.सं. । सूर्योदय ६:५८ सूर्यास्त ५:२५ ।

## आजको राशिफल

| | | | |
|---|---|---|---|
| मेष | : परीक्षामा सफलता मिल्नेछ | तुला | : धर्मकर्ममा मन जानेछ |
| वृष | : पढाइमा रुचि बढ्नेछ | वृश्चिक | : नयाँ मित्रसँग भेटघाट हुनेछ |
| मिथुन | : रिसलाई नियन्त्रण गर्नुपर्नेछ | धनु | : अधुरो काम बन्ने सम्भावना छ |
| कर्कट | : शुभ समाचार मिल्नेछ | मकर | : मित्रहरुबाट सहयोग हुनेछ |
| सिंह | : भाग्योदयको योग छ | कुम्भ | : आफन्तबाट विरोध हुनेछ |
| कन्या | : सहयोगी हातहरु बढ्नेछ | मीन | : पेसाबाट घाटा देखिन्छ |

# दलदलमा दलहरू: यस्ता छन् सुधार्नै पर्ने बुँदा



✍ईश्वरी जी.एम.

राजनीतिक दलहरू जनताका मत व्यक्त गर्ने वाहक हुन् । विश्वमा लोकतान्त्रिक व्यवस्थाको संस्थागत विकास राजनीतिक दलहरूले नै गरेका छन् । नेपाल जस्तो मुलुकमा दलहरूले स्वच्छ भूमिका खेल्न नसक्दा दलहरू दलदलमा फसेका छन् । विकासोन्मुख मुलुकमा राजनीतिकवादका आधारमा राज्य सञ्चालन हुने प्रणाली कमजोर हुँदै गएको छ । सन् १९९० को दशकदेखि कम्युनिष्ट राज्य प्रणाली सोभियत संघको पतन र जर्मनीको बर्लिन पर्खाल भत्किएपछि कम्युनिष्ट सिद्धान्तमा क्षयीकरण भएको छ । चीनले केन्द्रीकृत एकदलीय कम्युनिष्ट प्रणालीको अभ्यास गरेकोमा अहिले केही खुलापनको अभ्यास गर्दैछ । यस्तै पूँजीवादी शासन प्रणालीमा पनि धनी र गरिब बीचको दूरी बढ्दो छ । यसैले आधुनिक विश्वले समाजवादको नारा सहित उदारवादको राजनीतिक विचारमा राज्य प्रणालीको पुनर्संरचना गर्दैछ । राजनीतिले छिटो-छिटो धार परिवर्तन गर्दैछ ।

राजनीतिलाई नेतृत्व दिने नेता र नेतृत्वको आचरण र व्यवहार राम्रो भएको समाजमा शासकीय व्यवस्थाहरूले राम्रो परिणाम र नतिजा दिएका छन् । निहित स्वार्थमा अलमलिएको शासक भएको समाजमा संवैधानिक व्यवस्था जतिसुकै राम्रो भए पनि परिणाममुखी प्रतिफल दिन नसक्दा शासन प्रणाली नै धरापमा परेका छन् । विश्वका विभिन्न मुलुकमा लोकतन्त्र कमजोर भइरहेको छ । यसो हुनुका मुख्य कारण राजनीतिमा देखा परेका विकृति नै हुन् ।

### लोकतन्त्र र राजनीतिक दल

राजनीतिक दलहरू संगठित भई जनताका समस्या समाधान गर्न जनताद्वारा राजनीतिक दलहरूलाई सरकारमा पठाउँछन् । दलीय व्यवस्थामा राजनीतिक दल जनताप्रति उत्तरदायी हुन्छन् । बहुदलीय व्यवस्थामा राजनीतिक दलहरू निश्चित सिद्धान्त र दर्शनका आधारमा गठन हुन्छन् र त्यही अनुरूप आफ्ना कार्यक्रम र गतिविधि सञ्चालन गर्दछन् जुन राजनीतिक दलले जनताबाट बढी विश्वास प्राप्त गर्दछ त्यही दल सरकारमा गएर जनआकांक्षा बमोजिम काम गर्नुपर्दछ ।

निर्वाचन आयोगमा दर्ता दलको संख्या १३७ पुगेको छ । राजनीतिक दल 'बेरोजगारको रोजगार खोज्ने पसल' जस्तो च्याउसरह देखिन्छन् । न त उनीहरू बीच कुनै सारभूत रूपमा सैद्धान्तिक र व्यावहारिक नै भिन्नता छ । केवल शब्दजालमा मात्र फरक हुन्छ । आयोगमा दर्ता भएका आधा भन्दा बढी दलले चुनावमा भागै नलिने भएका छन् । जुन पार्टी सरकारमा गए पनि आचरण व्यवहारमा कुनै तात्विक भिन्नता पाइन्न । केवल झुट्टा आश्वासनको पुलिन्दा मात्र निर्वाचन घोषणापत्रमा देखिन्छ ।

### घोषणापत्र: झुट्टा आश्वासनको पुलिन्दा

नेपालका राजनीतिक दलहरूले निर्वाचनको समयमा विश्वमा प्रचलित राम्रा सबै अभ्यास लागू गर्ने प्रतिबद्धता व्यक्त गरेका हुन्छन् । 'आकाशको तारा खसाउने' नारा दिएर जनतालाई भ्रमित पार्छन् । निर्वाचन जितेर सरकारमा पुगेपछि त्यसलाई न त सरकारको प्राथमिकता न सिद्धान्त, नीति, कार्यक्रम, बजेट र कानूनमा राख्दछ । व्यवहारमा राजनीतिले न त कानून बनाउँछ, न योजना र बजेट नै निर्माण गर्दछ । बिचौलिया र स्वार्थ समूहले गरेका कुरामा राजनीतिले औंठाछाप लगाइदिन्छ । संसद् रबर स्ट्याम्प जस्तो मात्रै हुन्छ । आलोचनात्मक टिप्पणी गर्नेलाई दलीय ह्विप र अनुशासनको डण्डा लगाउँदछन् । संविधानमा संसद् सार्वभौम भए पनि दलको नेताको छायाँको रूपमा काम गर्न पुग्दछ । सांसदहरू त केवल आदेशपालक 'झोले' जस्तो निरीह बन्न पुग्दछन् । संवैधानिक प्रावधानकै अर्थ नहुने गरी गलत अभ्यास गरिन्छ । दलका घोषणापत्र र प्रतिबद्धता पत्रहरू त्यतिबेला काम लाग्छ, जति बेला अर्को निर्वाचन आउँछ नयाँ घोषणापत्र र प्रतिबद्धता पत्रमा पेस्ट गर्नुपर्ने हुन्छ । यस्तो लोकतन्त्रलाई केही भन्न सकिँदैन सिवाय, नक्कली लोकतन्त्र । लोकतन्त्र सफल हुन लोकतन्त्रले परिणाम दिनुपर्दछ । जनताको जीवनस्तर उठाउन सक्नुपर्दछ । हाम्रो लोकतन्त्र बिचौलियाको जीवनस्तर उठाउने किसिमको अभ्यासमा परिणत हुँदै गएको छ ।

### शासन व्यवस्थामा बिचौलिया प्रभाव

नेपालमा राजनीतिक परिवर्तनका लागि जनताले क्रान्ति, जनआन्दोलन, विद्रोह गरे । संवैधानिक व्यवस्था बदलिए तर शासन गर्ने प्रवृत्ति बदलिएन । बिचौलियाले नै नीति, कानून, योजना, बजेट बनाउन प्रभाव पार्ने र राजनीतिक दलका नेतृत्वहरू तिनकै इशारामा चल्ने प्रवृत्तिको विकासले मुलुकमा व्याप्त भ्रष्टाचार, अनियमितता बढ्न गएको अवस्था हो । राजनीतिक नेतृत्व बिचौलियाको चंगुलमा फसी संविधान, पार्टी सिद्धान्त, चुनावी घोषणापत्र केवल कागजी खोस्टामा मात्र परिणत हुने व्यवहारले देखाएको छ ।

व्यवस्थापिका, कार्यपालिका, न्यायपालिका, संवैधानिक निकाय, शैक्षिक क्षेत्र, सुरक्षा लगायत राज्यका महत्वपूर्ण क्षेत्रहरूमा बिचौलिया नै हावी हुने प्रवृत्ति मौलाएको अनुभव गरिएको छ । दलका नेताहरूको विलासी जीवन, कार्यकर्ताहरू शोषित र पीडित हुनुपर्ने कारण राजनीतिप्रति नै आम नागरिकको वितृष्णा बढ्दै गएको छ । यसै कारण जेनजी उमेर समूहको विद्रोह सृजना भयो । जेनजी समूहको विद्रोहले संविधान नै संकटमा पुऱ्यायो । संविधान संकटमा पुऱ्याउने भूमिका राजनीतिक दल र सरकार सञ्चालन गर्ने नेतृत्वको व्यवहार र कार्यशैलीले नै हो भन्ने कुरामा विवाद छैन । दलका नेतृत्वमा रहेको अहंकार र दम्भले संविधान नै संकटमा पुऱ्यायो ।

### जेन-जी विद्रोह र संवैधानिक संकट

संवैधानिक मर्म अनुसार विकास र समृद्धि हासिल गर्न नसक्दा जेनजी विद्रोह भयो । सरकारमा बसेकाहरू 'इम्पर र न्यूल्कोथस्' को कथा जस्तै आफूहरू नाङ्गो भइसक्दा पनि आसेपासे, भरौटे र बिचौलियाको विश्वास गर्दै समृद्धि हासिल गरेको रटान गरी नै रहे । जबकि यथार्थ यस्तो थिएन । संविधानलाई हात्तीको देखाउने दाँत बनाइयो । भ्रष्टाचार, कुशासनले शासन व्यवस्थालाई आक्रान्त बनायो । ठेक्कापट्टा आफ्नै मान्छेलाई, महत्वपूर्ण पदहरूमा चरम नातावाद र आर्थिक चलखेलका आधारमा भर्ना, सल्लाहकारका नाममा अक्षमहरूको झुण्ड, विकास र पुनर्निर्माणको नाउँमा बजेट स्वाहा, ऋणले मुलुक डुब्दा पनि केही नभएको जस्तो गफ दिएर जनतालाई भ्रम छर्दै हिंड्ने नेतृत्व वर्गको क्रियाकलापले युवा पिंढीहरू विरोधमा जुर्मुराए । सुशासन र समृद्धिको माग सहित सडकमा उत्रने घोषणा गर्दा पनि सरकार मूकदर्शक जस्तो भएर माग नसुन्ने क्रियाकलापका कारण भदौ २३ र २४ मा मुलुकले ठूलो जनधनको क्षति भोग्नुपऱ्यो ।

सरकारमा संलग्न दलहरूलाई सरकारको तर्फबाट कत्ति पनि गल्ती भएको स्वीकार नगर्ने प्रवृत्तिलाई राजनीति मान्न सकिन्न । राजनीतिले गल्तीलाई स्वीकार गरी दिशाबोध गर्न सक्नुपर्दछ । नेपालमा ठूला मानिएका दलहरू सञ्चालन गर्ने सञ्चालकहरूमा सत्ता कब्जा गर्ने बाहेक सुशासन र समृद्धि दिने व्यवहारको अनुभव र आम नागरिकले गर्न सकेको अवस्था छैन । जेनजी विद्रोहपछि संविधान संकटमा छ । विद्रोहको जगमा सरकार गठन भएको छ । निर्वाचनको माध्यमबाट संविधान ठीक ठाउँमा आउँछ भन्ने भनाइ छ ।

### समानुपातिकको दुरूपयोग

नयाँ आएका दलहरूले जनतामा केही आशा सञ्चार गरेको भए पनि समानुपातिक उम्मेदवारको सूची हेर्दा पुरानो दलभन्दा व्यवहारमा तात्विक फरक देखिँदैन । समाजका अनुभवी र ऊर्जाशील व्यक्तिहरू खोज्नुपर्नेमा 'मिडियामा सेलिब्रेटी' भएकाहरू, यसअघि चलखेलका आधारमा राज्यको महत्वपूर्ण ओहोदामा बसिसकेकाहरू, नातावाद, अर्थलाभ हुने व्यक्तिहरू नै रोज्ने प्रवृत्तिले समानुपातिक निर्वाचनप्रति नै वितृष्णा बढ्दो छ । 'पार्टीलाई आर्थिक सहयोग गरेको, समानुपातिकमा परेको' भन्ने व्यङ्ग्य यथार्थ भन्दा धेरै टाढा छैन । जेनजी विद्रोहपछि पनि यस्तै प्रवृत्ति देखिनुले दलहरू दलदलमै रहेको स्थितिको चित्रण हुन्छ । अस्वाभाविक गठबन्धन गरी सत्ता कब्जा गर्ने प्रवृत्ति नेपालको राजनीतिमा बढ्दो छ । यस्तो प्रवृत्ति रहिरहे मुलुक असफल हुने, भू-राजनीतिक प्रभाव बढ्ने र मुलुकको अस्मितामै संकट नआउला भन्न सकिन्न ।

### राजनीति व्यापार बन्दै

राजनीति सबै नीतिको मूल नीति हो । राजनीतिले नै मुलुकलाई दिशाबोध गर्ने हो । व्यापार जस्तै किसिमले रोजगारीका निम्ति राजनीतिमा आउने प्रवृत्तिले राजनीतिलाई फोहोरी खेल जस्तो बनाएको छ । राजनीति निष्ठा र नैतिकताको जगमा हुनुपर्दछ तर त्यसो हुन सकिरहेको छैन । निर्वाचनमा ठेकेदार र पैसावालाले नै उम्मेदवार हुने, पार्टीहरूले पनि उनीहरूलाई नै रोज्ने, समानुपातिक सिट आसेपासेलाई बाँड्ने जस्ता क्रियाकलापले निर्वाचनको के अर्थ हुन्छ र ? यस्तै दलका महाधिवेशनहरू पनि प्रतिनिधिले विवेकको मत प्रयोग गर्ने भन्दा निर्देशित मत व्यक्त गर्ने थलो बनेका छन् । राजनीतिक दलहरूमा स्वार्थ नमिल्दा फुट्ने र जुट्ने क्रम बढ्दो छ । सिद्धान्तको आधारमा फुट्ने भन्दा पनि निहित स्वार्थ पूरा गर्न र आफ्नो प्रभाव समाजमा कायम गर्न फुट्ने र जुट्ने कार्य भइरहेको अवस्था छ ।

राजनीति नसुध्रिएसम्म अरू क्षेत्र सुध्रिन सक्दैन । राजनीति विकृतिले विषाक्त भइसकेको छ । जसलाई पनि पार्टीभित्र रातो कार्पेट राखेर भित्र्याउने कार्यले राजनीतिक विचार र वाद समाप्त हुँदै गएको छ । राजनीति शक्ति हत्याउने, बेरोजगारहरूको जुवाखेल जस्तै भएको छ । यसमा व्यापक सुधार अपरिहार्य छ । नयाँ पुस्ताहरूले यस्तो विकृति तोड्न ऐक्यबद्ध भई निष्ठापूर्वक सक्रिय भूमिका आवश्यक छ ।

### विकृत राजनीति, पलायन जनशक्ति

संविधानमा बहुलवादमा आधारित बहुदलीय व्यवस्था उल्लेख छ । दलहरू संवैधानिक मार्गदर्शन अनुसार चल्ने भन्दा बिजनेस कम्पनी जस्ता भएका छन् । सदस्यता बनाउँदा, टिकट वितरण गर्दा, नियुक्ति र मनोनयन गर्दा, ठेक्कापट्टा लगाउँदा आर्थिक लेनदेन नभई नहुने व्यवहारको विकास गरेका छन् । नारा सुशासनको दिने गरे पनि समाजलाई भ्रष्टीकरण बनाउनेतर्फ क्रियाकलाप केन्द्रित छन् । राजनीतिक दलहरूले न त संविधान, न आफ्नो विधान बमोजिम नै गतिविधि गरेका छन् । जनतालाई जति झुक्याउन सकिन्छ, त्यति नै सफल भएको मान्दछन् । राजनीति बेइमानहरूको सजिलो आर्थिक र शक्ति लाभको माध्यम बनेको छ । अहिलेका राजनीतिक दलहरूको व्यवहार नै नयाँ दलहरूले पनि सिक्दैछन् ।

जनता परिवर्तन चाहन्छन् । समृद्धि र विकास जनताको आकांक्षा हो । यही प्राप्तिमा जनता शहीद भएका छन् । शहीद घोषणा गर्ने र केही रकम राज्य कोषबाट दिने बाहेक शहीदको रगत र बलिदानीलाई बिर्सेर दल र सरकारहरू व्यापारिक केन्द्र जस्तो बन्दैछन् । यस्तो विकृत राजनीति रहिरह्यो भने मुलुकमा कहिल्यै पनि सुशासन र समृद्धि प्राप्त हुँदैन । पढेलेखेका युवाहरू विकसित मुलुकमा पलायन हुने, औसत युवा कामको खोजीमा श्रम बेच्न खाडी मुलुकहरूमा जाने, उनले पठाएको पैसाबाट पार्टीहरूले आफ्नो निहित स्वार्थ पूर्ति गर्ने जस्ता क्रियाकलाप धेरै वर्षदेखि चल्दै आएको छ । चुनावी घोषणापत्रमा राम्रा-राम्रा कुरा लेख्ने, चुनाव जितेपछि 'हिंड्दैछ, पाइला मेट्दैछ' भन्ने जस्तो गर्ने प्रवृत्तिले मुलुक संकटको भुमरीमा पर्दै गएको देखिन्छ । यसमा राजनीतिक दल, नेताहरूको व्यवहार र प्रवृत्ति नै जिम्मेवार छ । स्वतन्त्र र निष्पक्ष भएर कार्य गर्ने निकायहरू पनि भताभुङ्ग बनाइएको छ । सुधार कसले ? कसरी गर्ने ? यो गम्भीर प्रश्न बनेको छ ।

### सुधार अत्यावश्यक

व्यवहार र कार्यशैली हेरेर यो नेता फलाना दलको हो भन्न सकिने अवस्था छैन । किनभने प्राय: सबै राजनीतिक दलका नेतृत्वको एकै किसिमको छ । दिनभरि एकले अर्कालाई गाली गर्ने तर कमिसन, भ्रष्टाचार र सत्ता-शक्तिमा पुग्न एउटै स्वर, प्रवृत्ति र गठजोड गर्ने व्यवहार छ । जस्तोसुकै क्रान्तिकारी कुरा गर्ने दलहरू पनि सत्तामा पुगेपछिको प्रवृत्तिमा सुधार नगर्ने कारण सुशासन हुन सकेन । नयाँ गठन भएका दलहरूले पनि प्रवृत्तिमा सुधार नगर्ने हो भने ती दलहरूप्रति पनि झन् चाँडै वितृष्णा पैदा हुनेछ । यस कुरालाई हेक्का राख्न जरूरी छ ।

नेपालको मुख्य समस्या संविधान, कानून, नीति भन्दा पनि प्रवृत्ति दोषयुक्त छ । दल बदल गरिरहने प्रवृत्ति, दलका नेतामा अहंकार र दम्भ, कुरा लोकतन्त्रको व्यवहार स्वेच्छाचारीतन्त्र छ । यो प्रवृत्ति जेनजीहरूमा सर्नुहुँदैन । प्रवृत्तिमा सुधार नगर्ने हो भने समाज भ्रष्टीकरणले आक्रान्त भएर मुलुक ठूलो संकटमा पर्न सक्दछ । यो पिंढीले त दु:ख पायो पायो अरू पछिको पिंढीले पनि यस्तै समस्या भोग्नुपर्नेछ । सबैलाई चेतना भया !

*(साभार: अनलाइनखबर)*

# राजनीतिमा युवाको बढ्दो हस्तक्षेप: आवेग होइन, चेतनाको परिणाम

✍समिर गौतम

नेपालको समकालीन राजनीतिमा युवाको बढ्दो हस्तक्षेप कुनै आकस्मिक घटना होइन । यो न त केवल आवेगको विस्फोट हो, न सामाजिक सञ्जालको क्षणिक प्रभाव मात्र । यसको मूल कारण नेपालमा लामो समयदेखि जमेर बसेका संरचनागत समस्या, राजनीतिक नेतृत्वको असफलता र युवाको जीवनसँग प्रत्यक्ष गाँसिएका सामाजिक-आर्थिक संकटहरू हुन् ।

राजनीतिलाई 'फोहोरी खेल' भनेर आलोचना गर्ने पुस्ता आज स्वयं राजनीतिमा हस्तक्षेप गर्न बाध्य हुनुको पछाडि एउटा गहिरो प्रश्न लुकेको छ- के वर्तमान राजनीतिक प्रणालीले युवाको सपना, श्रम र भविष्यलाई प्रतिनिधित्व गर्न सकेको छ ? धेरै युवाका लागि यसको उत्तर नकारात्मक छ । यही अनुभूतिले आजको राजनीतिक सक्रियताको आधार निर्माण गरेको छ ।

नेपालले पछिल्ला केही दशकमा पञ्चायती व्यवस्थाको अन्त्य, बहुदलीय प्रणालीको आगमन, जनआन्दोलन र अन्तत: संघीय लोकतान्त्रिक गणतन्त्रको स्थापना जस्ता महत्त्वपूर्ण राजनीतिक परिवर्तन अनुभव गऱ्यो । कागजमा यी परिवर्तनहरू ऐतिहासिक देखिए पनि व्यवहारमा राजनीतिक संस्कार र शासनशैलीमा अपेक्षित सुधार आउन सकेन । व्यवस्था फेरियो, संविधान फेरियो, तर सत्ता प्रयोग गर्ने सोच र शैली धेरै हदसम्म उस्तै रह्यो ।

राजनीतिक दलहरू संस्थागत हुनुभन्दा व्यक्ति केन्द्रित बन्दै गए, विचारभन्दा गुट र शक्ति संघर्ष हाबी भयो । निर्णय प्रक्रिया सीमित व्यक्तिहरूको वरिपरि केन्द्रित हुँदै गयो । नयाँ संविधान र नयाँ संरचना देखे पनि युवाले आफ्नै जीवनमा ठोस परिवर्तन अनुभूत गर्न सकेनन्, जसले राजनीतिप्रति निराशा र आक्रोश जन्मायो ।

लोकतन्त्रको मूल आत्मा जनउत्तरदायित्व हो । तर व्यवहारमा लोकतन्त्र धेरै हदसम्म चुनावमा मात्र सीमित भएको अनुभूति युवामा गहिरिँदै गयो । चुनावपछि जनताको आवाज गौण बन्ने, चुनावी प्रतिबद्धताहरू व्यवहारमा नउतारिने, भ्रष्टाचारविरुद्धका भाषण कार्यान्वयन नहुने अवस्थाले राजनीतिक प्रणालीप्रति विश्वास कमजोर बनाउँदै लग्यो ।

यस पृष्ठभूमिमा बेरोजगारी युवाको राजनीतिक चेतनालाई सबैभन्दा गहिरो रूपमा प्रभावित गर्ने पीडादायक कारण बनेको छ । शिक्षा प्रणालीले डिग्री उत्पादन गरे पनि रोजगारी सिर्जना गर्न राज्य असफल देखियो । सीप र क्षमताको कदर नहुनु, निजी क्षेत्र कमजोर हुनु र उद्यमशीलता प्रवर्द्धनका लागि प्रभावकारी नीति नहुनुले युवालाई गहिरो निराशामा धकेल्यो । शिक्षा पूरा गरेपछि पनि जीवन अनिश्चित रहने अवस्था व्यक्तिगत निराशामा सीमित नरही राजनीतिक प्रश्नमा रूपान्तरण भयो ।

हरेक वर्ष लाखौँ युवा वैदेशिक रोजगारीका लागि देश छोड्न बाध्य हुनु राज्य असफलताको अर्को गम्भीर संकेत हो । रेमिट्यान्सले अर्थतन्त्रलाई केही समय धाने पनि यसको सामाजिक र राजनीतिक मूल्य अत्यन्तै ठूलो छ । देशका ऊर्जाशील, सिर्जनशील र उत्पादनशील युवा विदेशिनु केवल आर्थिक विषय होइन, यो राज्यको दीर्घकालीन नीतिगत असफलताको प्रमाण हो । जब राज्यले आफ्ना युवालाई सम्भावना दिन सक्दैन, तब युवाले राज्यसँग प्रश्न उठाउनु स्वाभाविक हुन्छ, र यही प्रश्न आज राजनीतिक हस्तक्षेपमा रूपान्तरण हुँदै गएको छ ।

अवसरको असमान वितरण पनि युवाको असन्तुष्टिको गहिरो कारण हो । नेपालमा अवसर योग्यता, मेहनत र क्षमताको आधारमा होइन, राजनीतिक पहुँच, नातावाद र सिफारिसका आधारमा बाँडिने प्रवृत्ति व्यापक छ । सरकारी जागिर, ठेक्का, छात्रवृत्ति र पदोन्नतिमा सिफारिस निर्णायक बन्नुले युवामा निराशा मात्र होइन, आक्रोश समेत पैदा गरेको छ । नियम कानुन कमजोरका लागि मात्र लागु हुने र शक्तिशालीले सजिलै उन्मुक्ति पाउने प्रणालीप्रति युवाको विश्वास खस्किनु स्वाभाविक हो ।

यही विश्वासको संकटले युवालाई वैकल्पिक राजनीति खोज्न प्रेरित गरेको छ । युवाले बुझ्न थालेका छन् केवल सत्ता परिवर्तनले होइन, संरचनागत सुधारले मात्र दीर्घकालीन परिवर्तन सम्भव हुन्छ । त्यसैले आजका युवा राजनीतिक हस्तक्षेप केवल विरोधमा सीमित छैन, यसमा वैकल्पिक संरचना निर्माणको आकांक्षा पनि समेटिएको छ । सूचना प्रविधिको विकासले युवाको राजनीतिक चेतनामा निर्णायक भूमिका खेलेको छ । सामाजिक सञ्जाल, डिजिटल मिडिया र विश्वव्यापी सूचनाको पहुँचले युवालाई अन्य देशका शासन प्रणाली, नेतृत्व शैली र सुशासनका अभ्याससँग परिचित गराएको छ, जसको आधारमा उनीहरूले आफ्नै देशको अवस्थासँग तुलना गर्न थालेका छन् ।

राजनीतिक दलहरूभित्र नेतृत्व हस्तान्तरणको संकट पनि युवाको सक्रियताको अर्को प्रमुख कारण हो । आन्तरिक लोकतन्त्र कमजोर हुनु, निर्णय शक्ति सीमित व्यक्तिहरूमा केन्द्रित हुनु र नेतृत्व पुस्तान्तरण व्यवहारमा नदेखिनुले युवालाई राजनीतिबाट पर धकेलेको छ । प्रचार, भिड व्यवस्थापन र झण्डा बोक्ने भूमिकामा सीमित पारिँदा संस्थागत राजनीतिप्रति वितृष्णा बढ्नु स्वाभाविक हो । त्यसैले धेरै युवा दलभित्र सुधार खोज्नुभन्दा बाहिरबाट हस्तक्षेप गर्न थालेका छन् स्वतन्त्र उम्मेदवारी, नयाँ राजनीतिक दल र नागरिक अभियानमार्फत ।

आजको युवा पुस्ता सत्ता मात्र खोजिरहेको छैन । उसले नैतिकता, पारदर्शिता र सेवामूलक राजनीतिलाई प्राथमिकता दिन थालेको छ । भ्रष्टाचारलाई सामान्य व्यवहारका रूपमा स्वीकार गर्ने राजनीतिक संस्कृतिप्रति युवाको तीव्र अस्वीकार स्पष्ट देखिन्छ । युवाको दृष्टिमा राजनीति पेसा होइन, सार्वजनिक सेवा हो । सत्ता विशेषाधिकार होइन, जिम्मेवारी हो । यही मूल्यबोध युवाको राजनीतिक हस्तक्षेपको नैतिक आधार बनेको छ ।

कतिपयले युवाको राजनीतिक सक्रियतालाई अपरिपक्वता वा आवेगको परिणाम भनेर आलोचना गर्ने गरेका छन् । तर लोकतन्त्रको इतिहासले देखाउँछ जब संस्थाहरू जनअपेक्षाअनुसार चल्न असफल हुन्छन्, नागरिक हस्तक्षेप लोकतन्त्रको कमजोरी होइन, यसको शक्ति हो । यद्यपि यस्तो हस्तक्षेप विवेकशील, दीर्घकालीन दृष्टियुक्त र संस्थागत सुधारतर्फ उन्मुख हुनु आवश्यक छ । केवल विरोधले होइन, विकल्प निर्माणले मात्र दीर्घकालीन परिवर्तन सम्भव हुन्छ ।

राजनीतिमा युवाको बढ्दो हस्तक्षेप आवेगको विस्फोट होइन, चेतनाको परिणाम हो । यो निराशाको आवाज मात्र होइन, भविष्यप्रतिको जिम्मेवारी हो । यदि युवा मौन बस्छन् भने अक्षमता, भ्रष्टाचार र अन्याय संस्थागत बन्छ । तर यदि युवा विवेक, नैतिकता र दीर्घदृष्टिसहित राजनीतिमा हस्तक्षेप गर्छन् भने नेपालमा नयाँ राजनीतिक संस्कृतिको आधार तयार हुन सक्छ । अब 'युवा किन राजनीतिमा हस्तक्षेप गर्छन् ? भन्ने प्रश्नमा सीमित नरही 'युवाले कस्तो राजनीति, कस्तो राज्य र कस्तो भविष्य निर्माण गर्न चाहन्छन् ?' भन्ने दिशातर्फ अघि बढ्नु आवश्यक छ । यही प्रश्नको उत्तरमै नेपालको राजनीतिक भविष्य लुकेको छ ।

*(साभार: न्यूज अफ नेपाल)*

# लगानी गर्न नमिल्ने पैसा किन उठाइरहेछ राष्ट्र बैंक ?

काठमाडौं/नेपाल राष्ट्र बैंकले पछिल्ला दिन 'राष्ट्र बैंक ऋणपत्र' मार्फत बैंक तथा वित्तीय संस्थाबाट ठूलो परिमाणमा पैसा उठाइहेको छ । केन्द्रीय बैंकले ब्याज दिएर उठाएको उक्त पैसा कुनै क्षेत्र वा परियोजनामा लगानी गर्न भने होइन । केन्द्रीय बैंकले साढे २ प्रतिशतभन्दा धेरै ब्याजदर दिएर पुसमा मात्रै करिब १ खर्ब ३० अर्ब रुपैयाँ प्रणालीबाट उठाएको छ । यसरी उठाएको पैसा केन्द्रीय बैंकले चाहेर पनि लगानी गर्न पाउँदैन ।



वित्तीय प्रणालीको अधिक तरलता व्यवस्थापन, ब्याजदर अस्वाभाविक घट्न नदिन र मूल्यवृद्धि तोकिएको लक्ष्यमा कायम राख्न केन्द्रीय बैंकले 'आइडल' राख्ने पैसालाई पनि ब्याज खर्च गरेर थुपारेको हो । केन्द्रीय बैंकले वित्तीय प्रणालीको तरलता तत्काल नघट्ने भएकाले दीर्घकालीन ऋणपत्र मार्फत तरलता खिचेको प्रवक्ता गुरु पौडेलले बताए ।

'विगतदेखि अधिक तरलता व्यवस्थापनका लागि निक्षेप संकलन, स्थायी निक्षेप सुविधा, रिभर्स रिपोमार्फत तरलता खिच्दै आएको अवस्था थियो,' पौडेलले भने, 'पछिल्लो समय रेमिट्यान्स आप्रवाहमा आएको निरन्तर सुधार र कर्जा मागको कमीले अधिक तरलता झनै बढ्दै गएपछि दीर्घकालीन वित्तीय औजार प्रयोग सुरु भएको हो ।' राष्ट्र बैंकले बजार अवस्था समीक्षा गरेर आगामी एक वर्षसम्म दीर्घकालीन औजार मार्फत तरलता व्यवस्थापन गर्दा प्रणालीमा तत्काल कर्जा माग बढ्ने र तरलता संकुचन अवस्था आउने नदेखिपछि एक वर्षे ऋणपत्र प्रयोग बढाएको उनको भनाइ छ ।

वित्तीय प्रणालीमा अधिक तरलता भएको खण्डमा अन्तरबैंक ब्याजदर मार्फत समग्र ब्याजदर घटबढ हुन्छ । त्यसैले सबैभन्दा पहिला केन्द्रीय बैंकले ब्याजदरको अस्वाभाविक उतारचढाव नियन्त्रण गर्न तरलता व्यवस्थापन गर्छ । तर लता व्यवस्थापन गर्ने क्रममै ब्याजदर करिडोर मार्फत ब्याजदर निश्चित सीमामा राख्छ । अहिले केन्द्रीय बैंकले ब्याजदर करिडोरको माथिल्लो सीमा ५.७५, नीतिगत दर ४.२५ र तल्लो सीमा २.७५ प्रतिशत कायम गरेको छ । सोही अनुसार केन्द्रीय बैंकले तरलता खिच्ने र पठाउने गर्छ ।

साथै, केन्द्रीय बैंकले मुद्रास्फीति समेत नियन्त्रण गर्ने उद्देश्यले बचतको ब्याजदर करिडोरको तल्लो सीमाभन्दा तल हुन नहुने व्यवस्था गरेको छ । बचतको ब्याजदर पनि अधिक तरलताको असरले अस्वाभाविक घटेको खण्डमा मुद्रा विस्फीति र नकारात्मक ब्याजदरको अवस्था बन्न सक्छ । त्यसले अर्थतन्त्र झनै सुस्त, पूँजी पलायनदेखि विदेशी लगानी नआउने समस्या आउने जोखिम हुन्छ । त्यसले गर्दा पनि केन्द्रीय बैंकले अल्पकालीन र दीर्घकालीन उपकरण मार्फत खर्च गरेरै तरलता व्यवस्थापन गरेको पौडेलको भनाइ छ । तर, बजारमा तरलता पठाउँदा भने केन्द्रीय बैंकले बैंक तथा वित्तीय संस्थाबाट ब्याजदर लिने भएकाले आम्दानी पनि हुने गर्छ ।

गत आर्थिक वर्ष केन्द्रीय बैंकले तरलता र ब्याजदर व्यवस्थापनका लागि मात्रै ९ अर्ब रुपैयाँ खर्चेको थियो । चालु आव झनै दीर्घकालीन अवधिका ऋणपत्र नै जारी गरेको हुनाले करिब २० अर्ब खर्च हुने अनुमान केन्द्रीय बैंकको छ । केन्द्रीय बैंकले १४ पुसदेखि हालसम्म ६ पटक गरी कुल १ खर्ब ३० अर्ब रुपैयाँ बराबर ऋणपत्र मार्फत उठाएको छ । उसले ऋणपत्र मार्फत खिच्ने तरलता २ खर्ब बराबर छ । 'अधिकतम कति र कमसम्म जाने कुनै सीमा नभए पनि अहिलेको तरलताको अवस्था अनुसार २ खर्ब जारी गर्ने तय भएको छ,' पौडेलले भने ।

उनका अनुसार ब्याजदर पनि निक्षेप संकल तथा स्थायी निक्षेपभन्दा केही कम र बारम्बार पूरा गर्नुपर्ने झन्झटबाट बैंक तथा वित्तीय संस्थालाई सहज पनि भएको छ । 'ऋणपत्र मार्फत उठाएको पैसा त्यत्तिकै राखिरहने हो,' पौडेलले भने, 'राष्ट्र बैंकले तरलता व्यवस्थापनका लागि जति पैसा खिच्छ, त्यो पैसा अन्य कुनै पनि प्रयोजनमा खर्च गर्न पाईंदैन ।'

सरकार, निजी क्षेत्र वा बजारले रकम कतै पनि प्रयोग गर्न सकेनन् । निक्षेपका स्रोतबाट पैसा आइराख्ने र कर्जा विस्तार नहुने अवस्था भएपछि तरलता बढ्नु स्वाभाविक हो । त्यो पैसा सरकारले पनि प्रयोग गरेर कुनै काम गर्न खोजेको अवस्था भएपछि झन् नकारात्मक परिणाम देखाउन सक्ने हुँदा केन्द्रीय बैंकले आइडल नै राख्न ब्याज खर्चेर तरलता खिच्नु परेको उनको भनाइ छ ।

'वित्तीय प्रणालीलाई उक्त पैसा भोलिका दिनमा कुनै बेला पनि आवश्यक परे स्थायी तरलता मार्फत फिर्ता ल्याउन सकिन्छ,' प्रवक्ता पौडेलले भने, 'परिपक्व नभई ऋणपत्रको प्रमाणपत्र पैसामा परिवर्तन हुँदैन, तर त्यो प्रमाणपत्र धितो राखेर कर्जा लिन सकिन्छ ।' बैंक तथा वित्तीय संस्थाले यसरी पैसा फिर्ता ल्याउनुपर्दा ५.७५ प्रतिशत ब्याजदर तिर्नुपर्छ ।

उक्त ऋणपत्रको लगानी पोर्टफोलियो हुने भएकाले बैंक तथा वित्तीय संस्थाले अनिवार्य नगद मौज्दातमा गणना गर्न पाउँदैनन् । तर, वैधानिक तरलता अनुपात र खुद तरल सम्पत्ति अनुपातमा उक्त रकम गणना गर्न सक्छन् । राष्ट्र बैंकका अनुसार बैंक तथा वित्तीय संस्थाले निक्षेप संकलन उपकरण, स्थायी निक्षेप सुविधाभन्दा ऋणपत्र उपयुक्त मानेका छन् । केन्द्रीय बैंकले निष्कासन गरेको हरेक ऋणपत्रमा अधिक माग परेको छ भने ब्याजदर पनि करिडोरको तल्लो सीमाभन्दा थोरै छ ।

यसले गर्दा राष्ट्र बैंकलाई थोरै भए पनि लागत कम परेको छ भने बैंक तथा वित्तीय संस्थालाई एउटै काम दोहोऱ्याएर गर्नुपर्ने झन्झट पनि घटेको छ । केन्द्रीय बैंकले ६ पटक निष्कासन गरेको ऋणपत्रमा हरेक पटक अधिक माग आवेदन परेको छ । साथै, ब्याजदर आवेदकको बोलकबोल मार्फत निर्धारण हुने भएकाले पहिलो पटकको ऋणपत्रको कुपन रेट २.६४ थियो भने त्यसपछि क्रमश: २.६७, २.६८, २.६९, २.७२ र बिहीबारको २.६८४९ प्रतिशत कायम भएको केन्द्रीय बैंकले जनाएको छ । यो कुपन रेट ब्याजदर करिडोरको तल्लो सीमा भन्दा न्यून हो ।

बिहीबारसम्म केद्रीय बैंकसँग वित्तीय प्रणालीको ८ खर्ब ९६ अर्ब ३० करोड रुपैयाँ छ । यो रकममध्ये ऋणपत्रको १ खर्ब ३० अर्ब, निक्षेप संकलनको ४ खर्ब ६६ अर्ब र स्थायी निक्षेप सुविधाको २ खर्ब ९९ करोड बराबर हो ।

*(स्रोत: अनलाइनखबर)*

# मुख्यमन्त्री बानियाँद्वारा सहकारी भवन उद्घाटन



साझाकुरा संवाददाता

हेटौंडा, २४ पुस/ हेटौंडा-६ चुच्चेखोलामा रहेको नारीचेतना बचत तथा ऋण सहकारी संस्था लिमिटेडको भवन उद्घाटन गरिएको छ ।

बागमती प्रदेशका मुख्यमन्त्री इन्द्रबहादुर बानियाँले भवनको उद्घाटन गरेका हुन् । उद्घाटन कार्यक्रममा बोल्दै बानियाँले सहकारीले समुदायमा आर्थिक समृद्धिमा टेवा पुऱ्याएको बताए ।

नारी चेतना सहकारी जस्तै महिलाद्वारा संचालित सहकारीले महिलाको सशक्तीकरणमा काम गरेको बताउँदै उनले यसको निरन्तरताका लागि प्रदेश सरकारले सहयोग गर्ने बताए । मुख्यमन्त्री बानियाँले महिलाको आर्थिक उपार्जनका लागि सहकारीमार्फत् प्रदेश सरकारले सीप र प्रविधि दुबै उपलब्ध गराउने बताए ।

सहकारीकी अध्यक्ष राधिका गौतमको सभाध्यक्षतामा भएको कार्यक्रममा हेटौंडा-६ का वडाअध्यक्ष विष्णुबहादुर दाहाल, मकवानपुरगढी-२ का वडाअध्यक्ष बखानसिं पाख्रिन, संस्थाकी संस्थापक अध्यक्ष हीरादेवी दाहाल, भूमी समस्या समाधान आयोग मकवानपुरका विज्ञ सल्लाहकार अर्जुनप्रसाद चौलागाईं, संस्थाका सल्लाहकार उदय विडारी, रुपेश दुलाल, रानीसामुदायिक वनका अध्यक्ष केशव धिताल, चुच्चेखोला वन सहकारीका उपाध्यक्ष धनबहादुर गौतम, संस्थाका निवर्तमान अध्यक्ष ज्ञानु अर्याललगायतको उपस्थिति रहेको थियो ।

कार्यक्रममा संस्था निमार्ण एवं फर्निचर सहयोग गर्ने हीरादेवी दाहाल, तिलकमाया रुम्बा, रमेशकुमार थापा, गौरवकुमार पराजुली, देवकुमारी डंगोल, राधिका, कल्पना पराजुली, लक्ष्मी चौलागाईलाई सम्मान गरिएको थियो । दुईतले पक्की भवन ४५ लाखको लागतमा निर्माण गरिएको संस्थाकी व्यवस्थापक विपना घिमिरेले बताइन् ।

## बागमती मन्त्रीपरिषद्: समस्याग्रस्त सहकारी व्यवस्थापन समिति पुनर्गठन

# प्रदेश जनस्वास्थ्य प्रयोगशाला भक्तपुरमा सार्ने



साझाकुरा संवाददाता

हेटौंडा, २४ पुस/ बागमती प्रदेश सरकारले समस्याग्रस्त सहकारी व्यवस्थापन समितिलाई पुनर्गठन गरेको छ ।

बिहिबार बसेको मन्त्री परिषद् बैठकले समितिको अध्यक्ष र सदस्यहरु मनोनयन गर्दै समितिलाई पुनर्गठन गरेको हो । सहकारी तथा गरिबी निवारण मन्त्रालयको प्रस्तावमा समितिको अध्यक्षमा शिवप्रसाद सिग्देल र सदस्यमा दीपक केसी र रामेश्वर ढकाललाई मनोनयन गरेको सरकारका प्रवक्ता एवम् आर्थिक मामिला तथा योजनामन्त्री प्रभात तामाङले जानकारी दिएका छन् ।

समस्याग्रस्त सहकारीको व्यवस्थापन र बचतकर्ताको रकम फिर्ता गराउने प्रक्रियालाई तीव्रता दिन यस समितिको पुनर्गठन गरिएको प्रवक्ता तामाङले बताए । त्यसैगरी मन्त्रिपरिषद् बैठकले प्रदेश जनस्वास्थ्य प्रयोगशालाको कार्यालयलाई स्थानान्तरण गर्ने निर्णय पनि गरेको छ । प्रवक्ता तामाङका अनुसार स्वास्थ्य मन्त्रालयको प्रस्तावमा काभ्रेमा रहेको कार्यालयलाई भक्तपुरमा स्थानान्तरण गरिएको हो । स्वास्थ्य मन्त्रालयकै अर्को प्रस्तावमा 'एक विद्यालय, एकनर्स कार्यक्रम' सञ्चालनको तेस्रो कार्यविधि संशोधन पारित भएको छ ।

# सहयोगी मनद्वारा टोविसलाई स्वास्थ्य सामग्री हस्तान्तरण

साझाकुरा संवाददाता

हेटौंडा, २४ पुस/ सामाजिक कार्यमा क्रियाशील सहयोगी मन नेपालद्वारा यहाँको एक टोलविकास संस्थालाई स्वास्थ्य सामग्री हस्तान्तरण गरिएको छ ।

सहयोगी मन नेपालद्वारा हेटौंडा-६ मा रहेको रक्षादेवी टोलविकास संस्थालाई २ थान प्रेसर जाच्ने मेशिन, १ थान थर्मामिटर र १ थान अक्सिजन नाप्ने मेशिन हस्तान्तरण गरिएको हो ।

सामान सहयोगी मन नेपालका अध्यक्ष केदारप्रसाद चौलागाईले टोल विकासका अध्यक्ष केशवप्रसाद कोईरालालाई हस्तान्तरण गरेका हुन् । संस्थाको सामाजिक उत्तरदायित्व अन्तरगत स्वास्थ्य सामग्री हस्तान्तरण गरिएको सहयोगी मन नेपालका सल्लाहकार शिवप्रसाद खनालले बताए ।

स्वास्थ्य सामग्री हस्तान्तरणले टोलमा रहेका बिरामीलाई स्वास्थ्य जाँच गर्न सहयोग हुने टोल विकास संस्था सचिव शम्भुबहादुर रिमालले बताए । कार्यक्रममा हेटौंडा-६ का वडासदस्य मुना बिक. निवर्तमान अध्यक्ष अर्जुनप्रसाद चौलागाई, सञ्चारकर्मी, टोलबासीको सहभागिता थियो ।

# नेपाली श्रमिकबाट थप १४ हजार बढी असुल्दै यूएई, हटाउन कूटनीतिक पहल

काठमाडौं/युनाइटेड अरब इमिरेट्स (यूएई) ले वैदेशिक रोजगारीमा जाने नेपाली श्रमिकबाट थप १४ हजार २ सय रुपैयाँ असुल्दै आएको छ । २३ र २४ भदौको जेनजी आन्दोलनपछि यूएईले सुरक्षा कारण देखाउँदै प्रहरी रिपोर्ट प्रमाणीकरणका नाममा प्रतिकामदार ३ सय ५१.०८ दिराम अर्थात् १४ हजार २ सय रुपैयाँ थप शुल्क लिन थालेको हो ।

जसमा 'भीएफएस कुरियर सर्भिस फर डकुमेन्ट अटेस्टेसन' का लागि ४६ दिराम, फोटो सर्टिफिकेसन र बिलका लागि ३ सय दिराम र पेमेन्ट गेटवेका लागि ५.०८ दिराम तोकिएको छ । यसका लागि विभिन्न शुल्क गरी नेपाली कामदारले प्रतिव्यक्ति १४ हजार २ सय रुपैयाँ तिर्दै आएका हुन् । यसअघि यस्तो कुनै पनि शुल्क तिर्नु पर्थेन ।

जेनजी आन्दोलनपछि केही समय भिसा बन्द गरेको यूएईले पछि निकै कडाइसाथ जारी गर्न थालेको थियो । भिजिट भिसामा जान यूएईले विभिन्न खालका मापदण्ड अघि सारेको थियो भने वर्किङ भिसामा जाने श्रमिकका हकमा प्रहरी रिपोर्ट प्रमाणीकरण अनिवार्य गरेको छ । यसअघि परराष्ट्र मन्त्रालय अन्तर्गत कन्सुलर सेवा विभागबाट प्रहरी रिपोर्ट प्रमाणीकरण हुँदै आएको थियो । तर, अहिले विभागबाट प्रमाणीकरण भएर आएको रिपोर्ट समेत यूएई सरकार बाट थप प्रमाणीकरणका लागि पठाउने गरिएको छ ।

उताबाट प्रमाणीकरण भएर आएपछि मात्रै भिसा प्रक्रिया अघि बढ्ने गरेको वैदेशिक रोजगार व्यवसायी संघका निवर्तमान महासचिव तथा निलकमल ग्रुप अफ कम्पनीका अध्यक्ष मेघनाथ भुर्तेलले जानकारी दिए । अतिरिक्त शुल्क हटाउन माग गर्दै म्यानपावर व्यवसायीले श्रम मन्त्रालय र परराष्ट्र मन्त्रालयलाई ज्ञापनपत्र समेत बुझाइसकेका छन् । तर, हालसम्म यसको सुनुवाइ हुन सकेको छैन ।

हरेक दिन करिब १ सय जनाले यूएईमा वैदेशिक रोजगारीका लागि आवेदन दिने गरेका छन् । यसरी हेर्दा हरेक दिन १४ लाख २० हजार रुपैयाँ यूएईले रिपोर्ट प्रमाणीकरणका नाममा उठाउँदै आएको छ ।

गत वर्ष मात्रै १ लाख ७७ हजार नेपाली यूएई गएका थिए । उक्त तथ्यांक हिसाब गर्ने हो भने वर्षमा २ अर्ब ५१ करोड ३४ लाख रुपैयाँ बराबर विदेशिने देखिन्छ । भिसा कडाइ गरेसँगै यो वर्ष उक्त संख्यामा कामदार नजाने देखिएपछि रिपोर्ट प्रमाणीकरणका नाममा २ अर्बभन्दा बढी रकम विदेशिने देखिएको म्यानपावर व्यवसायीहरूको अनुमान छ ।

श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालयले भने उक्त विषय सार्वजनिक भएलगत्तै परराष्ट्र मन्त्रालयलाई पत्राचार गरेको थियो । श्रम प्रवक्ता पिताम्बर घिमिरेले भिसा प्रमाणीकरणका लागि अतिरिक्त शुल्क लिने गरेको जानकारी पाएलगत्तै परराष्ट्रलाई पत्र लेखिएको बताए । 'हामीले यो विषयमा जानकारी पाउनासाथ कूटनीतिक पहलका लागि परराष्ट्रलाई पत्राचार गरेका थियौं,' उनले भने, 'अहिलेसम्म केही जानकारी आएको छैन ।'

परराष्ट्रले समेत दूतावास मार्फत यो विषयमा बुझ्न लगाएको छ । यूएईस्थित नेपाली दूतावासले त्यहाँको सरकारसँग उक्त अतिरिक्त शुल्क हटाउन आग्रह गरेको छ । तर, यूएईका अधिकारीहरूबाट ठोस जवाफ आइनसकेको दूतावासले जनाएको छ ।

सोसल साइन्स बहा: का सहनिर्देशक तथा श्रम आप्रवासन विज्ञ डा. जीवन बानियाँले त्यसरी एकतर्फी शुल्क लिन नपाउने बताए । सुरक्षा खतरा बढेको कारण देखाउँदै वर्किङ भिसामा जाने श्रमिकका लागि अनेक मापदण्ड ल्याउनु गलत भएको उनको भनाइ छ । 'श्रम अनुमति ल्याउन यस्तो नियम राखिनु एकदमै गलत हो, त्यसमा विभिन्न शुल्क उठाउन पाउँदैनन्,' बानियाँले भने, 'नेपाल सरकारले प्रतिवाद गर्नुपऱ्यो, दुई देशबीचको सहमतिमा अघि बढ्नुपर्ने हुन्छ, एकतर्फी अघि बढ्नु गलत हो ।'

भिजिट भिसामा जाने नेपाली कामदारबाट सुरक्षा खतरा बढेको भन्दै यूएईले यसअघि भिसामा कडाइ गरेको थियो । तर, पछि कामका लागि जाने श्रमिकमाथि समेत त्यही अनुसार कडाइ गर्दा सहज रूपमा श्रमिक जान सकेका छैनन् । यस्ता विषय अघि बढाउँदा नेपाल सरकारसँग समेत छलफल गर्नुपर्ने उनको भनाइ छ । 'यस्ता विषय राख्दा श्रम सम्झौतामा पनि त समझदारी हुनुपर्ने हो, यूएईसँगको सम्झौतामै भए अर्कै कुरो,' बानियाँले भने, 'तर, त्यो नगरिकन एकतर्फी गरेको निर्णय भएकाले हामीले मान्न बाध्य हुनुपर्छ भन्ने छैन ।'

नेपाल वैदेशिक रोजगार व्यवसायी संघले यूएई भिसा प्रक्रियामा श्रमिकमाथि आर्थिक भार थपिएको भन्दै विरोध गरेको छ ।

संघ सचिव कुन्छादोर्जे डिम्दोङले यूएई भिसा प्रक्रिया पुन: सुरु भएसँगै नेपाल सरकारले जारी गरेको क्यूआर कोडयुक्त प्रहरी रिपोर्टलाई पुन: प्रमाणीकरण गर्नुपर्ने बाध्यताले श्रमिकमाथि आर्थिक भार थपिएको बताए ।

४ डिसेम्बर २०२५ मा परराष्ट्र मार्फत प्रमाणीकरण गरिएको प्रहरी रिपोर्ट अनुसार नै श्रमिक जाने गरेका थिए । तर, त्यसपछि नेपाल सरकारलाई विना जानकारी यूएईले एकतर्फी उसको परराष्ट्र मन्त्रालय मार्फत समेत प्रमाणीकरण गर्नुपर्ने बाध्यकारी व्यवस्था गरेको उनले बताए ।

एउटै सरकारी कागजातको दोहोरो प्रमाणीकरण गराउनुपर्ने अवस्थाले श्रमिक र व्यवसायीलाई थप समस्या सिर्जना गरेको उनको भनाइ छ ।

यसले भिसा सुनिश्चित नहुँदै ठूलो रकम कामदारले खर्च गर्नुपर्ने अवस्था रहेको उनले बताए । यूएई सरकार वा सम्बन्धित निकायसँग तत्काल उच्चस्तरीय कूटनीतिक पहल गरी नेपालको प्रहरी रिपोर्टलाई पूर्णरूपमा स्वीकार गराइ दिगो समाधान गर्दै नेपाली रुपैयाँ विदेशिनबाट रोक्न समेत संघले अनुरोध गरेको छ ।

*(स्रोत: अनलाइनखबर)*

# जेनजी आन्दोलन क्षतिको भौतिक पुनर्निर्माण गर्न सवा ३६ अर्ब लाग्ने

काठमाडौं/गत भदौ २३ र २४ गतेको जेनी आन्दोलनका क्रममा भएको भौतिक क्षतिको पुननिर्माण, मर्मत तथा नयाँ संरचना तयार गर्न ३६ अर्ब ३० करोड रुपैयाँ लागत पर्ने भएको छ ।

आन्दोलनमा भएको क्षतिको मूल्याङ्कन र सार्वजनिक संरचनाको पुनर्निर्माण योजना तयार गर्न मन्त्रिपरिषद् बैठकले गत असोज ५ गते राष्ट्रिय योजना आयोगका सचिवको संयोजकत्वमा गठन गरेको पाँच सदस्यीय समितिले सो लागत लाग्ने प्रतिवेदन तयार गरेको हो ।

'पुनर्निर्माण कार्ययोजना अनुसार सार्वजनिक क्षेत्रमा क्षति भएका भवनको पुनर्निर्माण /मर्मत र सवारी साधन तथा अन्य भौतिक वस्तुहरूको खरिद/मर्मतका लागि ३६ अर्ब ३० करोड २१ लाख रुपैयाँ लाग्ने अनुमान गरिएको छ' प्रतिवेदनमा भनिएको छ ।

क्षति भएका भवनको पुनर्निर्माणतर्फ १९ अर्ब ९८ करोड ९८ लाख, सवारी साधनको खरिद/मर्मततर्फ ६ अर्ब १६ करोड ८० लाख र अन्य भौतिक वस्तुको खरिद तथा मर्मतका लागि १० अर्ब १४ करोड ४२ लाख अनुमान गरिएको छ ।

समितिले तयार गरेको प्रतिवेदनअनुसार आन्दोलनमा कुल ८४ अर्ब ४५ करोड ७७ लाख रुपैयाँको भौतिक क्षति भएको छ । यो रकम देशको कुल गार्हस्थ्य उत्पादनको १.३८ प्रतिशत र चालु आर्थिक वर्षको बजेटको ४.३० प्रतिशत हो ।

कुल क्षति रकममध्ये सरकारी र सार्वजनिक क्षेत्रमा ५३ प्रतिशत, निजी क्षेत्रमा ४० प्रतिशत र सामुदायिक तथा अन्य क्षेत्रमा ७ प्रतिशत अंश रहेको छ । प्रदेशगत रुपमा बागमतीमा सबैभन्दा धेरै क्षति भएको छ । कुल क्षतिमा यस प्रदेशको क्षति हिस्सा ६६.५ प्रतिशत रहेको प्रतिवेदनमा उल्लेख छ ।

रकमका आधारमा कोशी प्रदेशमा १० अर्ब २४ करोड, मधेश प्रदेशमा ४ अर्ब ९२ करोड, बागमती प्रदेशमा ५६ अर्ब २३ करोड, गण्डकीमा ४ अर्ब १ करोड, लुम्बिनीमा ५ अर्ब ९९ करोड, कर्णालीमा ६२ करोड तथा सुदूर पश्चिम प्रदेशमा २ अर्ब ४० करोड रुपैयाँ बराबर क्षति भएको छ ।

'आन्दोलनको क्रममा उत्पन्न परिस्थितिका कारण वस्तु तथा सेवा उत्पादनमा १३ अर्ब ८७ करोड ५६ लाखको नोक्सानी पुगेको देखिन्छ' प्रतिवेदनमा भनिएको छ 'रोजगारीतर्फ २,९९९ व्यक्तिको रोजगारीमा प्रत्यक्ष प्रभाव परेको देखिन्छ, जसमध्ये २,३५३ जनाले पूर्ण रूपमा रोजगारी गुमाएको देखिन्छ ।' आन्दोलनको क्रममा कुल २,६७१ भवन क्षतिग्रस्त भएका छन्, जसमध्ये ७९.८ प्रतिशत सार्वजनिक भवन रहेका छन् ।

भवनमा ३९ अर्ब ३१ करोड ७५ लाख, सवारी साधनमा १२ अर्ब ९३ करोड ६१ लाख, अन्य भौतिक सम्पत्तिमा २० अर्ब ३६ करोड ४० लाख, नगद तथा बहुमूल्य वस्तुमा २ अर्ब ८१ करोड ३४ लाख र बाँकी रकम ९ अर्ब २ करोड ६७ लाख अन्य अस्थायी सम्पत्ति तथा निजी सम्पत्तिमा क्षति भएको विवरणमा उल्लेख छ । आन्दोलनको क्रममा भएको मानवीय क्षति पनि प्रतिवेदनमा उल्लेख गरिएको छ । कुल ७७ जनाको मृत्यु भएको थियो । जसमध्ये ७३ जना पुरुष र ४ जना महिला थिए । मृत्यु भएकामध्ये १३ देखि २८ वर्ष उमेर समूहका ३९ जना थिए ।

*(स्रोत: अनलाइनखबर)*

**ब्लु हेवन टेलर्स सरेको सूचना**

हेटौंडा बुद्धचोक मेनरोडमा रहेर यहाँहरुको सेवामा लामो समयदेखि समर्पित यस **ब्लु हेवन टेलर्स** कान्तिराजपथस्थित **शाक्य प्लाजा** भवनमा सरेको सम्पूर्णमा जानकारी गराउँदछौं ।

**ब्लु हेवन टेलर्स्**
हेटौंडा-२, कान्तिराजपथ
९८४५०२२९८१

***के तपाईं फोटो कपी प्रिन्टर मेसिन किन्दै हुनुहुन्छ ?***

*Brother, Canon, HP, Sharp Ricoh, Epson, Kyocera, Lexmark*

टोनर रिफिलिङ्ग, प्रिन्टर, कम्प्युटर, फोटोकपी लगायतको सर्भिस छिटो छरितो र भरपर्दो रुपमा गर्नुभई ढुक्क हुनुहोस् ।

Printer Shop
*The complete office solution*
*Contact No. 9845292140, 057-527041, Schoolroad, Hetauda-4*
*tonerhouse_htd@yahoo.com*

# स्थापना दिवसको अवसरमा शैक्षिक सामग्री सहयोग

साझाकुरा संवाददाता

हेटौंडा, २४ पुस/नेपाल ज्योतिष परिषद्को २८औं स्थापना दिवसको अवसरमा हेटौंडास्थित संस्कृत वेद विद्यालय (हेटौंडा गुरुकुल) मा अध्ययनरत ३२ जना वेदपाठी विद्यार्थीका लागि शैक्षिक सामग्री प्रदान गरिएको छ । बिहीबार एक औपचारिक कार्यक्रमबीच सहयोग हस्तान्तरण गरिएको हो ।

नेपाल ज्योतिष परिषद् मकवानपुरका अध्यक्ष ध्रुवप्रसाद सापकोटाको सभाध्यक्षतामा सम्पन्न कार्यक्रममा परिषद्का केन्द्रीय सदस्य गणेश धिताल प्रमुख अतिथि रहेका थिए । यस्तै, विशिष्ट अतिथिकारुपमा परिषद्का केन्द्रीय सदस्य होमनाथ न्यौपाने तथा संस्कृत वेदविद्यालय व्यवस्थापन समितिका अध्यक्ष रामकृष्ण थापा सहभागी थिए । कार्यक्रममा नेपाल ज्योतिष परिषद्का पदाधिकारी, सदस्य, विद्यालयका शिक्षक कर्मचारी, अभिभावक लगायतको उपस्थिति रहेको थियो ।



नेपाल ज्योतिष परिषद् मकवानपुरको तर्फबाट विद्यालयलाई आवश्यक शैक्षिक सामग्री हस्तान्तरण गरिएको हो । परिषद्ले ९ दर्जन (१०८ थान) कापी तथा ३२ प्याकेट कलम प्रदान गरेको परिषद्का सचिव जीवराज बखेलले जानकारी दिए । परिषद्ले आगामी दिनमा पनि सामाजिक तथा शैक्षिक गतिविधिलाई निरन्तरता दिने प्रतिबद्धता व्यक्त गरेको छ । कार्यक्रममा वक्ताले गुरुकुल शिक्षाको संरक्षण तथा प्रवर्द्धनमा यस्ता सहयोगात्मक कार्यक्रम महत्वपूर्ण हुने धारणा व्यक्त गरे । कार्यक्रममा प्रमुखअतिथि धितालले नेपाल ज्योतिष परिषद्ले सञ्चालन गर्दै आएका यस्ता शैक्षिक तथा सामाजिक गतिविधिले संस्कृत शिक्षा र गुरुकुल परम्पराको संरक्षणमा महत्वपूर्ण योगदान पुऱ्याइरहेको उल्लेख गरे ।

परिषद्को भावी योजना बारे जानकारी गराउँदै धितालले ज्योतिष शास्त्रप्रति रुचि राख्ने युवाका लागि नि:शुल्क ज्योतिष प्रशिक्षण सञ्चालन गर्ने योजना रहेको बताए । प्रशिक्षणमार्फत गुरुकुलमा अध्ययनरत विद्यार्थी तथा इच्छुक युवालाई व्यवहारिक र शास्त्रीय ज्ञान प्रदान गरी दक्षजनशक्ति उत्पादन गर्ने लक्ष्य रहेको उनले बताए । यसले ज्योतिष शास्त्रको अध्ययन, अनुसन्धान तथा संरक्षणमा नयाँ पुस्ताको सहभागिता बढाउने विश्वास व्यक्त गरे ।

विद्यालय व्यवस्थापन समितिका अध्यक्ष थापाले प्राप्त सहयोगले विद्यालयको शिक्षण गतिविधि अघि बढाउन थप मद्दत पुगेको बताउँदै परिषद्प्रति आभार व्यक्त गरे । यस्तो सहयोगले आगामी दिनमा विद्यालयका गतिविधिलाई अझ प्रभावकारीरुपमा निरन्तरता दिन प्रेरणा मिल्ने उनको भनाइ थियो । सभाध्यक्ष सापकोटाले नेपाल ज्योतिष परिषद् सेवामुखी संस्था भएकाले आगामी दिनमा पनि शिक्षा, संस्कार र संस्कृतिको प्रवर्द्धनका लागि यस्ता कार्यक्रम निरन्तर रुपमा सञ्चालन गर्दै जाने प्रतिबद्धता व्यक्त गरे ।

## बस्तीको बीचबाट सडक विस्तार गर्नु गलत: दुर्गा प्रसाई

# 'जिम्मेवार सरकार नहुँदा क्षतिपूर्ति पाउने अवस्था भएन'

साझाकुरा संवाददाता

हेटौंडा, २४ पुस/ नागरिक बचाउ अभियानका संयोजक तथा मेडिकल व्यवसायी दुर्गा प्रसाईंले बस्तीको बीचबाट सडक विस्तार गर्नु कुनैपनि हालतमा सही नभएको बताएका छन् ।



हेटौंडाको मुख्य राजमार्ग बाइपास हुँदै लैजानुपर्नेमा सरकारले बस्ती नै उठिबास गराउने शैली अपनाएको आरोप उनले लगाए । हेटौंडामा बिहिबार आयोजित बृहत् भेटघाट तथा नागरिक जागरण अभियानलाई सम्बोधन गर्दै प्रसाईंले विश्वका कुनै पनि देशमा बस्तीको बीचबाट राजमार्ग विस्तार गर्ने प्रचलन नरहेको उल्लेख गरे । बाइपासबाट लगेको भए घरधनी र व्यवसायीले यति ठूलो क्षति व्यहोर्नु नपर्ने उनको भनाइ थियो । जिम्मेवार सरकार र नेतृत्वको अभावका कारण हेटौंडाका सडक विस्तार प्रभावितले क्षतिपूर्ति नपाउने अवस्था आएको उनले दाबी गरे ।

प्रसाईंले सडक विस्तारका कारण व्यवसायी दोहोरो मारमा परेको बताए । एकातिर सडक विस्तारले व्यवसाय विस्थापित भएको र अर्कोतर्फ बैंकको उच्चब्याजदरले आर्थिक भार थपिएको उनको भनाइ थियो । हेटौंडाका अधिकांश व्यवसायी अहिले गम्भीर आर्थिक समस्यामा रहेको उनले उल्लेख गरे ।

सडक विस्तार प्रभावितले क्षतिपूर्ति पाउन ठूलो आन्दोलन नगरी सम्भव नहुने प्रसाईंले दाबी गरे । प्रसाईंले जेनजी आन्दोलनमार्फत् जनताले महसुश गर्ने खालको परिवर्तन नआएको उल्लेख गर्दै देशका लागि लड्नुपर्ने समय आएको बताए । यसका लागि फागुन १ गते देशव्यापी आन्दोलन गर्न लागिएको उनले बताए ।

प्रसाईंले अहिलेको आवश्यकता चुनाव नभएको बताए । जेनजीको आन्दोलनलाई हाइज्याक गरेर वर्तमान सरकार गठन भएको उनको धारणा छ । उनले सुशीला कार्की नेतृत्वको वर्तमान सरकार पश्चिमाको डिजाइनमा बनेको आरोप लगाए । पश्चिमाहरुले आफनो इशारामा चल्ने व्यक्तिलाई नेपालमा प्रधानमन्त्री बनाउन खोजेको उनले जिकिर गरे । नेपाललाई युक्रेन बनाएर धेरै जेलेन्स्कीहरु जन्माउने दुष्प्रयास भइरहेको भन्दै त्यसतर्फ र हनुपर्नेमा प्रसाईंले जोड दिए । उनले देशका लागि निर्णायकरुपमा लड्नुपर्ने समय आएको बताए । प्रसाईंले आगामी २१ फागुनमा गर्ने भनिएको निर्वाचन बहिष्कार गर्न पनि उनले आव्हान गरे ।

# मकवानपुर र गुप्तेश्वर महादेव क्याम्पसबीच अन्तरक्रिया



साझाकुरा संवाददाता

हेटौंडा, २४ पुस/ हेटौंडा-२ स्थित मकवानपुर बहुमुखी क्याम्पस र पोखराको गुप्तेश्वर महादेव बहुमुखी क्याम्पसबीच अन्तर क्रिया भएको छ ।

मकवानपुर बहुमुखी क्याम्पसमा आयोजित अन्तरक्रिया कार्यक्रममा दुबै क्याम्पसका सञ्चालक समिति पदाधिकारी, प्राध्यापक तथा कर्मचारीको सहभागिता रहेको मकवानपुर बहुमुखी क्याम्पसका क्याम्पस प्रमुख यम सिलवालले जानकारी दिए ।

कार्यक्रममा गुप्तेश्वर महादेव बहुमुखी क्याम्पसको भ्रमण टोलीले मकवानपुर बहुमुखी क्याम्पसको शैक्षिक, भौतिक तथा प्रशासनिक पूर्वाधार अवलोकन गर्दै क्युएए प्रक्रिया र शैक्षिक गुणस्तर अभिवृद्धिबारे छलफल गरेको सिलवालले बताए । दुबै क्याम्पसले विश्वविद्यालय अनुदान आयोगबाट क्युएए प्रमाणपत्र प्राप्त गरिसकेका छन् भने हाल पुन:प्रत्यायन प्रक्रियामा रहेका छन् ।

अन्तरक्रियाले आपसी सिकाइ र सहकार्यलाई थप बल पुगेको जनाइएको छ । मकवानपुर र गुप्तेश्वर महादेव बहुमुखी क्याम्पसबीच तीन वर्षदेखि शैक्षिक सहकार्य हुँदै आएको भएपनि सञ्चालक समिति तहमा यो पहिलो संयुक्त कार्यक्रम भएको प्रमुख सिलवालले जानकारी दिए । आआफ्नो प्रदेशका गुणस्तरीय सामुदायिक क्याम्पसकारुपमा स्थापित हुने लक्ष्यसहित अघि बढिरहेका दुबै क्याम्पसले यस्ता अन्तरक्रियाले आपसी सिकाइ र शैक्षिक गुणस्तर अभिवृद्धिमा महत्वपूर्ण योगदान पुगेको बताएका छन् ।

# नगरस्तरीय छात्र भलिबल प्रतियोगिता माघ २ मा

साझाकुरा संवाददाता

हेटौंडा, २४ पुस/नगर स्तरीय छात्र भलिबल प्रतियोगिता माघको २ र ३ गते हुने भएको छ । हेटौंडा उपमहानगरपालिका-४ वडा कार्यालयद्वारा आयोजित तेस्रो खेलकुद महोत्सवअन्तर्गत प्रतियोगिता हुन लागेको हेटौंडा-४ स्थित आधुनिक राष्ट्रिय माध्यमिक विद्यालयका शिक्षक एव्म भलिबल प्रतियोगिता संयोजक राजाराम पोखरेलले जानकारी दिए ।




वडा कार्यालयको आयोजना तथा शैक्षिक गुणस्तर सुधार समितिको व्यवस्थापनमा खेलकुद महोत्सव हुँदैछ । नगरस्तरीय छात्र भलिबल प्रतियोगिताको सहव्यवस्थापकको जिम्मा आधुनिक राष्ट्रिय माविले पाएको छ । प्रतियोगितामा कक्षा १० सम्म अध्ययनरत छात्र सहभागी हुन पाउनेछन् भने टिमदर्ता शुल्क ५ सय रुपैयाँ लाग्ने बताइएको छ । यसका साथै आधुनिक राष्ट्रिय माविले विद्यालयस्तरीय वादविवाद प्रतियोगिता पनि सञ्चालन गर्ने भएको छ । वादविवाद प्रतियोगिता आगामी माघ ११ गते हुनेछ ।

खेलकुद महोत्सवअन्तर्गत ब्रह्मदिक् एकेडेमीको सहव्यवस्थापनमा माघ ४ र ५ गते वडास्तरीय ५ 'ए' साइड शिक्षक फुटबल प्रतियोगिता र १५ गते कविता प्रतियोगिता हुनेछ । नवोदय शिशुसदनको सहव्यवस्थापनमा माघ ७ र ८ गते नगरस्तरीय बास्केटबल प्रतियोगिता एवम् माघ १३ गते नेपाली हिज्जे प्रतियोगिता हुनेछ । माघ १० गते हेटौंडा क्याम्पसको सहव्यवस्थापनमा माध्यमिक तहस्तरीय वक्तृत्वकला प्रतियोगिता हुनेछ ।

भुटनदेवी माध्यमिक विद्यालयको सहव्यवस्थापनमा माघ १२ गते हाजिरीजवाफ प्रतियोगिता र माघ २३ र २४ गते नगरस्तरीय क्रिकेट प्रतियोगिता हुनेछ । सत्यम् जेभियर्स माध्यमिक विद्यालयको सहव्यवस्थापनमा पुस २५ गते महिला शिक्षकबिच टग अफ वार प्रतियोगिता र माघ १४ गते निबन्ध लेखन प्रतियोगिता हुनेछ ।

यसैगरी, जिल्लास्तरीय शिक्षक दौड र महिला शिक्षकबीच स्लो स्कुटी प्रतियोगिता माघ १५ गते हुनेछ । फागुन २३ र २४ गते जिल्लास्तरीय शिक्षक भलिबल प्रतियोगिता हुनेछ । फागुन १ र २ गते वडास्तरीय एथ्लेटिक्स प्रतियोगिता हुने आयोजकले जनाएको छ । यसअघि, श्रमिक माध्यमिक विद्यालयको सहव्यवस्थापनमा गत पुस १० गतेदेखि १२ गतेसम्म नगर स्तरीय ७ 'ए' साइड छात्र फुटबल प्रतियोगिता र पुस ११ गते वक्तृत्वकला प्रतियोगिता सम्पन्न भइसकेको छ । प्रतियोगिताका विजेतालाई अगामी फागुन ७ गते पुरस्कार वितरण गर्ने आयोजकले जनाएको छ ।

# सुविधासम्पन्न भवनबाट राक्सिराङको सेवा

साझाकुरा संवाददाता

हेटौंडा, २४ पुस/ मकवानपुर जिल्लाको विकट पालिका मध्येको एक राक्सिराङ गाउँपालिकाले नवनिर्मित सुविधासम्पन्न प्रशासकीय भवनबाट सेवा सुरु गरेको छ ।

नवनिर्मित भवनको बागमती प्रदेशका मुख्यमन्त्री इन्द्रबहादुर बानियाँले उद्घाटन गरेका हुन् । मुलुक संघीय संरचनामा गइसकेपछि २०७३ सालमा स्थापित स्थानीय तहले ९ वर्षपछि प्रशासकीय भवनबाट सेवा दिन सुरु गरेको हो । गाउँपालिका स्थापनापछि पालिका केन्द्र चैनपुर स्थित प्रजा जागृति माध्यमिक विद्यालयको छात्राबास भवन र स्वास्थ्यचौकी भवनलाई मर्मत सुधार गरी गाउँपालिकाले सेवा सुचारु गरेको थियो । २०७८ साल असारबाट पालिका केन्द्र चैनपुर मै करिब ७ कठ्ठा जमिनमा पालिका भवन निर्माण थालिएको थियो ।

निर्माण थालिएको करिब साढे चार वर्षपछि पालिकाको चार तले ४३ कोठे भवन निर्माण सम्पन्न गरिएको थियो । ६ करोड ४२ लाख रुपैयाँमा निर्माण सम्पन्न गर्ने गरी जयमाता इन्जिनियरिङ निर्माण कम्पनीसँग सम्झौता गरी काम थालिएको थियो । ०८२ असार मसान्तसम्म निर्माण कार्य सकिसक्नु पर्ने सम्झौता भएपनि तोकिएको समयभन्दा चार महिना ढिला गरी निर्माण पक्षले काम सकेको थियो । नयाँ भवन निर्माण भएसँगै पालिकाको कार्यालय र सबै शाखाले एउटै छानामुनिबाट सेवाप्रदान गर्न सहज भएको गाउँपालिका अध्यक्ष राजकुमार मल्लले बताए । संघीय सरकारको ६० र गाउँपालिकाको ४० प्रतिशत लगानीमा भवन निर्माण भएको हो ।


# शिक्षक आवश्यकता

*प्रथम पटक प्रकाशित मिति : २०८२/०९/२५ गते*

यस विद्यालयमा रिक्त रहेको प्राथमिक तह तृतीय श्रेणी (अस्थायी करार) को कोटामा १ जना शिक्षक आवश्यकता परेकोले विद्यालय व्यवस्थापन समितिको मिति २०८२/०९/२३ गतेको निर्णय तथा कैलाश गाउँपालिका शिक्षा युवा तथा खेलकुद शाखाको मिति २०८२/०९/२४ को च.नं. १२३७ को प्राप्त पत्रानुसार योग्यता पुगेका उम्मेदवारहरुले सूचना प्रकाशित भएको मितिले १५ दिनभित्र रितपूर्वकको आवेदन दिन हुन दरखास्त आह्वान गरिएको छ ।

**तपशिल**:

विज्ञापन नं. : ०१/२०८२/०८३
तह/श्रेणी : प्राथमिक/तृतीय
शैक्षिक योग्यता : आई.एड. वा सो सरह
तलब सुविधा : नेपाल सरकारले तोकिएबमोजिम
दरखास्त दस्तुर : १५००।- (अक्षरुपी एक हजार पाँच सय मात्र)
उमेर : १८ वर्ष पूरा भई ४० वर्ष ननाघेको
परीक्षाको किसिम : लिखित, मौखिक र प्रयोगात्मक
दरखास्त दिने अन्तिम मिति : २०८२/१०/०९ गते (विद्यालय समयभित्र)
सम्पर्क मिति : २०८२/१०/११ गते
परीक्षा मिति : सम्पर्क मितिमा जानकारी गराइनेछ ।
दरखास्ता दिने स्थान: श्री कृष्ण आधारभूत विद्यालय, कैलाश-५, गोगने

**आवश्यक कागजातहरु** :

१. शैक्षिक योग्यताको प्रमाणपत्रको प्रतिलिपि-२ प्रति
२. नेपाली नागरिककताको प्रमाण पत्रको प्रतिलिपि-२ प्रति
३. स्थायी अध्यापन अनुमति पत्रको प्रतिलिपि
४. बायोडाटा अनुभव भए सो को प्रतिलिपि
५. हस्तलिखित निवेदन

**श्री कृष्ण आधारभूत विद्यालय**
**कैलाश गाउँपालिका-५, गोगने, मकवानपुर**
**सम्पर्क नं**: ९८४५८०४४५३ (प्र.अ.), ९८४६७४५८४८ (वि.व्य.स. अध्यक्ष)



# शिक्षक आवश्यकता

*प्रथम पटक प्रकाशित मिति : २०८२/०९/२५ गते*

प्रस्तुत विषयमा भीमफेदी गाउँपालिका, च.नं ९०७, मिति २०८२/०९/२३ गतेको विज्ञापन अनुमति पत्र र विद्यालय व्यवस्थापन समितिको मिति २०८२/०९/२२ गतेको निर्णयानुसार यस श्री नमूना आधारभूत विद्यालय, भीमफेदी-९ मा रिक्त रहेको तपशिल अनुसार शिक्षक पदपूर्ति गर्नुपर्ने भएकोले रितपूर्वक न्यूनतम शैक्षिक योग्यता पुगेका १८ वर्ष पूरा भई ४० वर्ष ननाघेको नेपाली नागरिकबाट दरखास्त आह्वान गरिन्छ ।

१. विज्ञापन नं. ०१/०८२/०८३
२. पद/तह/श्रेणी : प्रा.वि. तृतीय (अस्थायी करार)
३. सेवा/सुविधा : नेपाल सरकारले तोके अनुसार
४. न्यूनतम शैक्षिक योग्यता : मान्यता प्राप्त शिक्षण संस्थाबाट शिक्षा शास्त्र संकायमा प्रमाणपत्र तह वा सो सरह
५. परीक्षाको किसिम : लिखित तथा मौखिक
६. परीक्षा दस्तुर : रु. १,५००।-
७. दरखास्त दिने स्थान: श्री नमूना आ.वि., भीमफेदी-९ खर्कलेक ।
८. दस्खास्त दिने अन्तिम मिति : २०८२/१०/०९ गते
९. सम्पर्क मिति : २०८२/१०/१०
१०. पेश गर्नुपर्ने कागजातहरु:
- नेपाली नागरिकताको प्रतिलिपि २ थान
- शैक्षिक योग्यताको प्रतिलिपि २ थान
- स्थायी अध्यापन अनुमति पत्रको प्रतिलिपि २ थान
- फोटो २ थान

**नोट**: शिक्षक सेवा आयोगको करार सूचिमा रहेका व्यक्तिहरुले विज्ञापन भएको मितिले ७ (सात) दिनभित्र आवेदन पेश गर्नु पर्नेछ ।

**श्री नमूना आधारभूत विद्यालय**
**भीमफेदी गाउँपालिका-९ खर्कलेक, मकवानपुर**
**सम्पर्क नं**.: ९८०७१०१२०३ (प्र.अ.)९८४५८१८१२१ (अध्यक्ष)



# २७औं वार्षिक साधारण सभासम्बन्धी सूचना

यस संस्थाको मिति २०८२/०७/१२ गते बसेको संचालक समितिको बैठकको निर्णय बमोजिम २७औं वार्षिक साधारण सभा तपसिलका विषयहरुमा छलफल गर्न निम्नानुसार मिति, समय र स्थानमा संचालन गरिने भएकोले सम्पूर्ण शेयर सदस्य महानुभावहरुको अनिवार्य उपस्थितिका लागि हार्दिक अनुरोध गर्दछौं ।

**साधारण सभा हुने** :
मिति: २०८२/०९/२६ गते शनिबार
समय: बिहान ११:०० बजे
स्थान: हेटौडा-२, पल्पसा प्याराडाइज होम

**छलफलका विषयहरु**:

१. संरक्षक श्री महालक्ष्मी उपाध्याय डिनाज्यूको सम्बोधन सम्बन्धमा ।
२. साधारण सभाको बैधानिकता सम्बन्धमा ।
३. निर्णय प्रमाणित गर्न सदस्यहरुको छनौट सम्बन्धमा ।
४. संचालक समितिको तर्फबाट अध्यक्षज्युको प्रतिवेदन सम्बन्धमा ।
५. वार्षिक प्रगती एवं भावी नीति कार्यक्रम सहितको सचिबज्युको प्रतिवेदन सम्बन्धमा ।
६. कोषाध्क्षज्यूबाट आ.ब.२०८१/२०८२ को लेखापरिक्षकज्युबाट तयार पारेको वित्तीय विवरण सहित ऋण समितिको प्रतिवेदन सम्बन्धमा ।
७. आ.व.२०८१/०८२ को वार्षिक लेखा परीक्षण प्रतिवेदन अनुमोदन सम्बन्धमा ।
८. आन्तरिक लेखा सुपरीवेक्षण समितिको प्रतिवेदन अनुमोदन सम्बन्धमा।
९. आ.व. २०८२/०८३ को साधारण सभा पूर्वको पेश्की बजेट खर्च अनुमोदन सम्बन्धमा ।
१०. आ.व. २०८३/०८४ को साधारण सभा पूर्वको पेश्की बजेट सम्बन्धमा ।
११. विनियम २०५५ र आर्थिक तथा आन्तरिक कार्यविधि संशोधन सम्बन्धमा ।
१२. आ.व.२०८२/०८३ को लागि लेखा परिक्षक नियुक्ति र पारिश्रमिक निर्धारण गर्ने सम्बन्धमा ।
१३. नियमनकारी निकायको निर्देशनका सम्बन्धमा ।
१४. शेयर लाभांश एवं संरक्षित पुंजीकोष फिर्ता वितरण सम्बन्धमा ।
१५. संस्थाको आवश्यकता अनुसार घर घडेरी खरिद एवं बिक्री अख्तियारी सम्बन्धमा ।
१६. समितिको बैठक तथा अन्य सुबिधा निर्धारण सम्बन्धमा ।
१७. संचालक समिति र लेखा सुपरिवेक्षण समितीको निर्वाचन कार्यक्रम सम्बन्धमा ।
१८. संस्था संचालनमा अग्रिम कार्यदिश सम्बन्धमा ।
१९. बिबिध ।

(**नोट**: साधारण सभामा सदस्य स्वयम् उपस्थित भएमा संस्थाद्वारा उत्पादित शुद्ध तोरीको तेल प्रति सदस्य २ लिटर प्रदान गरिनेछ ।)

इश्वर पण्डित
सचिव

**दिव्यतारा बहुउद्देश्यीय सहकारी संस्था लि.**
मुख्य कार्यालय, हेटौडा-२, पल्पसा रोड
फोन नं. ०५७-५२४९१६, ५२५९१७



## हेटौंडा बचत तथा ऋण सहकारी संस्था लि. को

# २६ औं बार्षिक साधारणसभा सम्बन्धी सूचना !

मिति २०८२ मंसिर १० गते बसेको सञ्चालक समितिको बैठकको निर्णय बमोजिम यस संस्थाको २६ औं बार्षिक साधारणसभा देहायमा उल्लेखित प्रस्तावहरुमा छलफल गरि निर्णय गर्नको लागी निम्न मिति, समय र स्थानमा तय गरिएको हुँदा यहाँहरुको अनिवार्य उपस्थितीको लागी हार्दिक आमन्त्रण गरिन्छ ।

**प्रस्तावहरु**

१) साधारणसभाको वैधानिकता सम्बन्धमा ।
२) निर्णय पुस्तिका प्रमाणितको लागी प्रतिनिधी चयन सम्बन्धमा ।
३) अध्यक्षज्युको वार्षिक नीति सहितको संस्थागत प्रतिवेदन सम्बन्धमा ।
४) सचिवज्युको बार्षिक संस्थागत प्रगति प्रतिवेदन सम्बन्धमा ।
५) कोषाध्यक्षज्युको आर्थिक वर्ष २०८२/०८३ को वार्षिक योजना तथा प्रस्तावित बजेट सम्बन्धमा ।
६) आर्थिक बर्ष २०८१/०८२ को लेखा परीक्षण प्रतिवेदन पारित सम्बन्धमा ।
७) लेखा सुपरिवेक्षण समितिको प्रतिवेदन सम्बन्धमा ।
८) ऋण उपसमितिको प्रतिवेदन सम्बन्धमा ।
९) विनियममा थप ब्यबस्था तथा शंसोधन सम्बन्धमा ।
१०) आर्थिक बर्ष २०८२/०८३ को लागी लेखा परीक्षकको नियुक्ती तथा निजको पारिश्रमिक निर्धारण सम्बन्धमा ।
११) शेयर लाभांश तथा संमक्षीत पुजीं फिर्ता कोष वितरण सम्बन्धमा ।
१२) आर्थिक वर्ष २०८२/०८३ मा बजेट पारित पुर्व भएको खर्च अनुमोदन सम्बन्धमा ।
१३) लेखा सुपरीवेक्षण समिति र सञ्चालक समितिको चयन सम्बनधमा ।

**तपशिल** :
मिति : २०८२ साल पौष २६ गते शनिवार
समय : बिहान १०:०० बजेदेखि
स्थान: नवज्योती मा. वि.को प्राङ्गण, हेटौंडा ०७ नागस्वती

युवराज गौतम
सचिव

**हेटौंडा बचत तथा ऋण सहकारी संस्था लि. को**
हेटौंडा ०७, मकवानपुर


साझाकुरा राष्ट्रिय दैनिकका लागि **सविन न्यौपाने**द्वारा प्रकाशित, सम्पादक: **सरला खनाल**, कार्यालय/मुद्रण: हेटौंडा-१ चौकीटोल, फोन नं.: ०५७-५२१११५, E-mail:sajhakura@gmail.com, URL: www.sajhakuranews.com, पोष्ट बक्स नं. २९, **मुद्रण**: सफल छापाखाना